# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २६ जेठ २०८०
# शुक्रवार
# बैठक सङ्ख्या- १५, दोस्रो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:५० बजे प्रारम्भ भयो ।

(१२:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, १६ मिनेटपछि बस्ने गरी स्थगित भएको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनुभएका विषयका सम्बन्धमा जवाफ दिन माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई समय उपलब्ध गराउँछु ।

के छ खिमलाल माननीय? आफ्नो भनाइ संक्षेपमा ५ मिनेट भित्र राखि सक्नुस् ।

(१२:५३ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो संविधानले विशेष गरी म आज योजनाको सम्बन्धमा अलिकति केही कुराहरू भन्नै पर्ने स्थिति छ । यो संविधानले स्थानीय विकास निर्माण, स्थानीय पूर्वाधारलागयतका योजनाहरू, स्थानीय सरकार, स्थानीय तहले गर्ने, मध्यमखालका चाहिँ प्रदेश सरकारले गर्ने, ठुला रणनीतिक महत्त्वका गेम चेन्जर चाहिँ सङ्घीय सरकारले नेपाल सरकारले गर्ने भनेर यसमा यसको अनुसूचीमा यो लेखेको छ । यो विषयलाई Common Minimum Program यो गठबन्धन दलको सरकारको

Common Minimum Program मा पनि यो विषयलाई त्यही विषय राखेको छ । र तीन तहका सरकारका बिचमा सङ्घ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध ऐन, २०७७ छ । त्यसले पनि यही विषय लेखेको छ । स्थानीयको स्थानीयले गर्ने, प्रदेशको प्रदेशले गर्ने, केन्द्रको केन्द्रिय सरकारले गर्ने । तर ठुला रणनीतिक महत्त्वका योजनाहरू भनेका छ । सँगसँगै राष्ट्रिय योजना आयोगले पनि एउटा निर्देशिका वर्गीकरण मापदण्ड बना'छ । त्यसले पनि अलिकति त्यही लाइनमा बोलेको छ । लेखेको छ । र नेपाल सरकारको क्याविनेटले पनि पास गरेको छ ।

अब सँगसँगै अब यो अब विनियोजन विधेयक अर्थमन्त्रीज्यूले जुन विनियोजन विधेयक यहाँ पढ्नुभो' यहाँ धेरै ठाउँमा यो विषय लेखिएको छ । मैले यो उसमा गइन । त्यो कुन बुँदामा छ । अब त्यसपछि सम्माननीय राष्ट्रपतिज्यूले बोल्नुभ'को नीति तथा कार्यक्रमको पुस्तिकामा पनि यही कुराहरू छ । अब मैले यो background किन बताइरा'छु भने सम्माननीय अध्यक्ष महोदय, यो म अलिकति आज प्रदेशका कुराहरू बोल्नै पर्ने भा'को छ । प्रदेशहरू अहिले बजेट आइसकेपछि अर्थमन्त्रीज्यूले बजेट भाषणमा बोलिसकेपछि वित्तीय हस्तान्तरणको कुरालाई उहाँले अलिकति जोड पनि दिनुभा'को छ । र प्रदेशलाई चाहिँ जुन वित्तीय हस्तान्तरण गरेकोमा ससर्तको जुन फिगर पठाइएको छ । ससर्तको फिगर पठाउँदाखेरि त्यहाँ हजारका, लाखका even एक हजार रुपैयाँको योजना पनि प्रदेशलाई तोकेर फलानो योजना त गर भनेर लेखेर पठाइएको छ ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो संविधानले यही भन्छ? यही लेखेको छ? हामीले यो विषय हामीलाई प्रदेश मुख्यमन्त्रीज्यूले, प्रदेशका अर्थमन्त्रीज्यूले, प्रदेशका भौतिक पूर्वाधारलगायतका मन्त्रीज्यूले पटक पटक हामीलाई फोन गर्नुभा'छ । मलाई फोन गर्नुभा'छ । माननीयज्यूहरूलाई गर्नुभा'छ । र हामी सातओटा प्रदेशमा सम्माननीय अध्यक्षज्यूसहित हामी सातओटा प्रदेशमा गा'का छौं । सङ्घीयता कार्यान्वयन अनुगमन संसदीय विशेष समिति सातओटा प्रदेशमा गा'को छ । सातओटा प्रदेशमा ग'र आएसकेपछि प्रदेशको गुनासो, प्रदेश र स्थानीय तहको गुनासो भनेको यही थियो । सङ्घीय सरकारले प्रदेशको कार्यक्षेत्र मिचेको छ । सङ्घीय सरकारले स्थानीयको कार्यक्षेत्र मिचेको छ । यो योजना तर्जुमाको जुन बाँडफाँड पद्धति छ । यो मिल्दैन, यो हुँदैन भनेर पटक पटक भनेको छ र हामीले सम्माननीय अध्यक्षज्यूले दुई चोटी यो संसदबाट निर्देशन दिनुभा'को छ यो विषयमा । र सम्माननीय प्रधानमन्त्रीज्यूसमेत संघीयता कार्यान्वयन अनुगमन संसदीय विशेष समितिको रिपोर्टलाई कार्यान्वयन गर्छु भन्नुभा'को छ ।

अब मैले केही तथ्यहरू यहाँ पस्किन्छु । सम्माननीय अध्यक्ष महोदय, र हामी जुन संसदीय अनुगमन कार्यान्वयन हामी जुन समिति बनेको थियो । मेरो संयोजकत्वमा हामीलाई

प्रदेशले गुनासो गरिसकेपछि हामीले संसदको सचिवालयमार्फत अर्थमन्त्रालयलाई चिठ्ठी पठायौं । संसदको सचिवालयबाट अर्थमन्त्रालयमा चिठ्ठी पठायौं । एक जना शाखा अधिकृत दुई दिन लगातार जानुभो' र अर्थमन्त्रालयको कर्मचारीले के भन्यो भने यो विवरण दिन मिल्दैन भनेर अर्थमन्त्रालयका कर्मचारीले । यो बजेट भाषणमा लेखिसकेपछि सम्माननीय अध्यक्षज्यू, यो दिन मिल्दैन भनेर हामीलाई फर्काउनुभो' । हामी, हामी यो सङ्घीयता कार्यान्वयन अनुगमन समितिले हामीले निवेदन दिएका थियौं । अर्थमन्त्रीलाई हामीले निवेदन दिएका थियौं । यो विवरण हामीलाई दिनुहोस् भनेर भन्या थियौं । र प्रदेशले हामीलाई विवरण त दिएको छ । तर त्यो विवरणलाई हामीले आधिकारिक मान्ने कि नमान्ने? सम्माननीय अध्यक्ष महोदय ।

म यो विवरण यहाँ सुनाउछु । यो अचम्मको छ । यो हामीले यो व्यवस्था कहाँ लान खोजेको? यो तपाईंहरूकै कारणले गर्दाखेरि यो सङ्घीयतामाथि, यो प्रदेशमाथि आज प्रश्न चिन्ह उठेको छ । सम्माननीय अध्यक्ष महोदय, म केही योजनाहरू यहाँ सुनाउछु । ताकि यो ससर्त योजनाको सम्बन्धमा अर्थमन्त्रीले, तपाईंले यता उता नभनिकन स्पष्ट तपाईंले यहाँ बोल्नुपर्‍यो । सम्माननीय प्रधानमन्त्रीले बोल्नुभा'छ । यो कार्यान्वयन गर्छु भनेर ।

सम्माननीय अध्यक्ष महोदय, म एक दुइओटा योजनाको नाम चाहिँ सातओटै प्रदेशका त्यहाँका साथीहरूले हामीलाई पठाउनुभा'छ म यहाँ सुनाउँछु यहाँ । यहाँ सुनाउछु । जस्तो पाँच लाखको योजना सडकको सम्बन्धमा । म कोशी प्रदेशको, सतिघाट, ताँबोटार, इखुवा खोलाको कोरिडोर, दोबाने, फेदी, साल्पा हुँदै, सङ्खुवासभा, भोजपुर, सोलुखुम्बु, सगरमाथा जोड्ने सडक चार/पाँचओटा जिल्ला सगरमाथासँग जोड्ने सडकको पैसा पाँच लाख । गण्डकीको एउटा उदाहरण अनि यो सिंह पथ मार्ग भन्ने र'छ । गाईघाट, चितवन, रिसिङ्ग, चापाकोट, गल्याङ, स्याङ्जा सडक यसको बजेट पनि पाँच लाख । लुम्बिनी प्रदेशको कपिलवस्तु, विजयनगर १,२ लाई जोड्ने हुलाकी सडकदेखि कङ्गरोना, बलुवा नेपालगञ्ज हुँदै जवारोडसम्म कपिलबस्तु पाँच लाख । कर्णाली प्रदेशको ठिम्के ..... (समय सकिएको) ।

(१२:५९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य, सकियो । समय सकियो । माननीय सदस्यहरू, माननीय सदस्यले उठाएका आफ्ना विषयमा सभाको ध्यानाकर्षण, माननीय, बस्नुस् । समय सकियो । समय पाँच मिनेट पुग्यो । बस्नुहोस् । तपाईं बस्नुस् । तपाईं बस्नुस् । सबै ध्यानकर्षण भा'को छ । म भन्दै छु । रुलिङ गरेको छु । तपाईं बस्नुस् । समय त काफि मात्रामा दिइसक्या छ नि अब । तपाईं त १० मिनेट भए पनि अझै पुग्दैन ।

यो मलाई थाहा छ । तर अब बाँकी सबै कुराहरूको ध्यान अर्थमन्त्रीको गा'कै छ । माननीय सदस्यहरू, माननीय सदस्यले उठाएका, उठाउनुभएका विषयमा सभाको ध्यानाकर्षण भएको छ ।

माननीय अर्थमन्त्रीलाई आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि उठेका विषयको सम्बन्धमा माननीय खिललाल देवकोटाले अहिले उठाउनुभएका विषयको समेत सम्बोधन गर्ने गरी जवाफ दिन म निर्देशन गर्दछु ।

(१३:०० बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, आज म २०८०/०८१ को बजेटका सम्बन्धमा राष्ट्रिय सभामा भएको छलफलमा माननीय सांसदज्यूहरूले व्यक्त गर्नुभएको विचार, सुझाव, दृष्टिकोण, समर्थन, विरोध यो सबैका विषयमा उत्तर दिन यहाँ उपस्थित भएको छु । म सम्पूर्ण माननीयज्यूहरू जसले यो ०८०/०८१ को बजेटका सम्बन्धमा यसको सकारात्मक पक्षका बारेमा उल्लेख गर्नुभयो । समर्थन गर्नुभयो वहाँहरूलाई पनि म धन्यवाद दिन चाहन्छु । म सँगसँगै माननीय सांसद सदस्यज्यूहरू जसले यसलाई समालोचना गर्नुभो', आलोचना गर्नुभो', विरोध गर्नुभयो । वहाँहरूलाई पनि म धन्यवाद दिन चाहन्छु किनकि यहाँहरूको विचारबाट, यहाँहरूको सुझावबाट, यहाँहरूको आलोचनाबाट, यहाँहरूको समालोचनाबाट अझ आगामी दिनमा हामीले अझ सुस्पष्ट ढङ्गबाट अगाडि बढ्न मद्दत पुग्छ । म यहाँहरू सबैलाई सम्माननीय अध्यक्षज्यूमार्फत धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो २०८०/०८१ को जुन बजेट मैले प्रस्तुत गर्या छु । यो बजेट वास्तवमा जुन हामीले बजेट प्रस्तुत गर्दै आ'का छौं । मैले सुस्पष्ट ढङ्गबाट चाहे सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दा होस् । चाहे यो ०८०/०८१ को आय व्ययको यो बजेट प्रस्तुत गर्दा होस् । अहिलेको समस्यालाई मैले स्वीकार गर्या छु । समस्याहरू छन् । अप्ठ्याराहरू छन् । राजस्वमा समस्या छ । हाम्रो बढ्दै गएको ऋणको दायित्व साँवा, ब्याज तिर्नुपर्ने दायित्व बढ्दै गएको छ । त्यसले पुँजीगत खर्चमा दबाब परेको छ र अर्थतन्त्रलाई अझै हामीले चाहे जस्तो चलायमान गर्न सक्या छैनौं । अर्थतन्त्रलाई हामीले चाहेजस्तो आर्थिक वृद्धितर्फ अगाडि बढाउन सक्या छैनौं । जुन चालु आर्थिक वर्षमा जुन लक्ष्य राजस्वको लक्ष्य त्यस्तै गरेर आर्थिक वृद्धिको लक्ष्य त्यो हामीले हासिल गर्न सक्या छैनौं भनेर मैले स्वीकार गर्या छु । यदि हामीले यी समस्याहरूलाई स्वीकार नगरीकन अगाडि बढ्ने हो भने हामी फेरि ठिक ठाउँमा पुग्दैनौं । त्यसो हुनाले माननीय सदस्यज्यूहरूलाई खास गरेर यो सुधारका बजेट सम्बन्धमा सुधारका जुन प्रस्ताव मैले प्रस्तुत गर्या छु । यसलाई गम्भीरताका साथ यहाँहरूले लिइदिन अनुरोध गर्छु । एलोकेसनका सम्बन्धमा अझ मैले चाहेजस्तो, हामीले चाहेजस्तो,

सरकारले चाहेजस्तो त्यसलाई अझ सुस्पष्ट ढङ्गबाट जुन कार्यक्रमहरू छन् । जुन परियोजनाहरू छन् । त्यसका गुण दोषको आधारमा त्यसले कति काम गर्न सक्यो कति काम गर्न सकेन । कति उपयोगी भयो कति उपयोगी भएन । कति ज्यादा जनसङ्ख्यालाई त्यसले चाहिँ सम्बोधन गर्न सक्यो सकेन । त्यसका आधारमा सगन समीक्षाको आधारमा समग्र एलोकेसनलाई पुनर्संरचना हामीले चाहिँ गर्न सकेनौं । मैले भन्या छु । कि जसरी यो हामीले कनिका छरेर, छर्या जस्तरी पैसा राख्ने विनियोजन गर्ने प्रवृत्ति छ । त्यसलाई मैले बजेटमै स्वीकार गर्या छु । यसपाला पनि त्यसलाई पूर्ण रूपमा हामीले चाहिँ सम्बोधन गर्न सक्या छैनौं । मैले अस्वीकार कहाँ गर्या छु? अहिले भर्खरै माननीय सदस्यज्यूले विशेष समय लिएर अध्यक्षज्यूको अनुमतिले समय लिएर जुन वहाँ एकदमै संवेदनशील भएर प्रस्तुत हुनुभयो । म संवेदनशील छैन? म पनि यही संसदको सदस्य हो र चाहे यो स्थानीय निकायलाई होस्, चाहे प्रदेशहरूलाई दिने जुन विनियोजन छ । त्यो विनियोजन सुनिश्चित होस् । त्यस्तै गरेर सानो सानो आयोजनामा खर्च चाहिँ वितरण गर्न नपरोस् ती काम चाहिँ स्थानीय निकाय र प्रदेशले गरुन् । केन्द्र सरकारले चाहिँ महत्त्वपूर्ण आयोजनामा एउटा साइजको आयोजनामा हामी केन्द्रित हुन सकौं भनेर चाहेकै हो । तथापि अहिले पनि जनताहरू यही आइपुग्ने त्यो प्रवृत्ति रोक्या छैन । यहाँकोले त पुगेन वडाध्यक्षज्यूहरू आइरहनुभा' छ । मेरो वडामा त यतिले पुग्दैपुगेन के हुन्छ रे । यहाँबाट राख्दिनुपर्यो । आइरहनुभा' छ हाम्रो भौतिक योजना मन्त्री जी यहीं हुनुहुन्छ । वहाँलाई पनि मैले भनें यसो गरौं न भन्दा यत्रो ठुलो दबाब छ । केही न केही भए पनि राख्नुपर्ने अवस्था आइपर्यो भनेर वहाँको पनि बाध्यता अप्ठ्यारो मैले बुझें । भनिसकेपछि त्यसकारणले कतिपय आयोजनाहरूलाई अस्वाभाविकजस्तो देखिन्छ । वहाँले जुन अहिले उल्लेख गर्नुभो' त्यत्रो लामो सडक छ । पैसा यति राख्या छ । के गर्या हो? भन्नी छ । तै पनि अहिले राखिदिउनँ । पछि अर्को वर्ष होला नि कम से कम त्यहाँ नाउ आयो भने पछि बढाउन सकिएला । पछि विनियोजन होला पछि केही न केही उपाय होला । भन्ने साथीहरूको त्यो खाले दबाब आ'को छ । त्यसकारण मैले स्वीकार गर्या छु ।

अध्यक्ष महोदय, कि हामीले अझै संघीय सरकारले के गर्ने हो? के नगर्ने हो? कसरी विनियोजन गर्ने हो । कसरी बढीभन्दा बढी जनसङ्ख्यालाई प्रभावित हुने गरेर काम गर्ने हो? र प्रायोटाइजेसन गर्ने हो? प्राथमिकीकरण गर्ने हो? त्यसलाई यथेष्ट मात्रमा हामीले गर्न सक्या छैनौं तर पनि हामीले गुड बिगिनिङ राम्रो सुरुआत गर्या छौं । त्यो कनिका छर्याजस्तो आयोजनाहरूलाई सङ्ख्या धेरै होलान तर विनियोजित रकम हेर्ने हो भने धेरै छैन । अरू बजेट हामीले चाहिँ जुन महत्त्वपूर्ण आयोजनाजस्तो भौतिकको कुरा गर्दा उत्तर- दक्षिण जोड्ने पूर्व-

पश्चिम जोड्ने । आयोजनालाई हामीले केन्द्रित गर्या छौं । त्यसो हुनाले त्यही रूपमा यहाँहरूले बुझिदिन म अनुरोध गर्न चाहन्छु र अहिले भर्खरै बोल्नुहुने माननीयको कुरा वहाँले चाहिँ यो ससर्त अनुदान स्थानीय र प्रदेशलाई कति कति छ । मलाई चाहिँ स्थानीय तहको ७५३ कै ७ प्रदेशकै चाहियो भनेर हिजो ५ जना सदस्य साथीहरूले माननीय सदस्यहरूले लेखेर दिनुभयो । अब त्यो अहिले चाहिँ सम्पूर्ण उ त निस्केकै छैन नि केही त धैर्यता गर्नुपर्यो नि अहिले मन्त्रालयगत त्यो पुस्तिका आउन बाँकी नै छ । त्यसमाथि छलफल हुन बाँकी नै छ । अहिले मोटो विनियोजन मात्रै अहिले आएको छ । त्यसकारण माननीयज्यूलाई धैर्यता राख्न अनुरोध गर्न चाहन्छु केही दिन पर्खिँदैमा सबै बिग्रिहाल्ने केही पनि छैन । त्यो आउँछ । सम्बन्धित मन्त्रालयले कहाँ कहाँ कति गा'को छ । त्यसको हिसाब निस्किन्छ । त्यो सबैको जानकारीमा आउँछ । त्यसपछि दाँजेर हेर्नुहोला । त्यो म अनुरोध गर्न चाहन्छु । यस सम्बन्धमा मैले यति नै भनें ।

अब बजेटको सम्बन्धमा थप केही कुराहरू चाहिँ म भन्न चाहन्छु मैले भनिहालें । यो पुँजीगत खर्चको प्रभावकारिता बढाउनु सबभन्दा चुनौतीपूर्ण हो अहिलेको । त्यसो हुँदा पुँजीगत खर्चलाई प्रभावकारी बनाउनको लागि बुँदा नम्बर २९ देखि बुँदा नम्बर ४६ सम्म बुँदागत रूपमा मैले उल्लेख गर्या छु । यो यसको चाहिँ सबभन्दा महत्त्वपूर्ण यो बजेटको यो बजेट्री सुधारको जुन कुरा गर्या छ । कार्यान्वयनमा जुन समस्या छ । पुँजीगत खर्चको कार्यान्वयनमा छ । साइड क्लियरेन्स छैन । वनको क्लियरेन्स छैन । मुआब्जा दे'को छैन । पोल उठ्या छैन । ठेक्का लागिसक्यो । अनि खेरि यो खुल्या छैन भनेर ठेकेदारले काम गर्दैन । यी तमाम् समस्यालाई मध्यजनर राखेर यो पुँजीगत खर्चको प्रभावकारिता नबढ्ने हो भने हामीले जति सुकै योजना राख्या छौं । भनेर राखेर के गर्ने हिजो मात्रै वर्ल्ड बैङ्कको दुइटा भाइस प्रेसिडेन्ट यहाँ आए । अरू डोनरहरू पनि आए । त्यसको मिटीङ भयो । अप्पर अरुणमा लगानीका कुराहरू चाहिँ भए । वहाँहरूले सँगसँगै के उठाउनुभो' भने पुँजीगत खर्चको त यो त अत्यन्त यो विदेशी हामीले दिएको सहयोग पनि खर्चै हुन सक्या छैन । यसले हामीलाई गम्भीर बना' छ । त्यसो हुनाले अब हामी यसरी जान्छौं भनेर हामीले भनिराख्या छौं । यो पुँजीगत खर्च प्रभावकारी ढङ्गबाट खर्च भयो भने जति अहिले थोरै भए पनि हामीले ३०७ अर्ब सायद जुन चाहिँ विनियोजन भा'को छ तर त्यति मात्रै पुँजीगत खर्च होइन । पुँजीगत खर्च ४७१ अर्ब बराबर हुन्छ । जुन हामी साधारण खर्च भनेर हामी भन्ने गर्छौं । चालु खर्च भन्छौं । त्यसमा स्थानीय तहमा जाने प्रदेशमा जाने पनि त्यहाँ पुँजीगत खर्च छ । त्यहाँ पुँजीगत विनियोजन छ । केन्द्रबाटै खर्च हुने पनि धेरै चाहिँ पुँजीगत खर्च छ त्यहाँ । तर हामी पुँजीगत खर्च भनेर लेख्या छैनौं । त्यसमा खासमा पुँजीगत खर्च ४ खर्ब ७१ अर्ब सायद त्यति छ । तैपनि त्यतिभन्दा ज्यादा हुनुपर्ने हो ।

ज्यादा पुँजीगत खर्च हुनुपर्ने हो । त्यस्तो स्रोत हामीले जुटाउनुपर्ने हो तर जुटाउने कुरामा समस्या छ भनेर त मैले पहिलै स्वीकार गरिसकें त्यो के हो भने राजस्वलाई हामीले गतिशील बनाउन सक्या छैनौं । राजस्वको लक्ष्य हामीले प्राप्त गर्न सक्या छैन । त्यो प्राप्त गर्न नसक्नुका कारणहरू छन् । अघि माननीयज्यूले भन्नुभो' देव नारायण वहाँले भन्नुभो' कि यो बाह्य कारण जुन हाम्रो हातमा थिएन र कतिपय हामीले पनि बाह्य कारण देखाएर भोलि यस्तो समस्या आउन सक्दछ भनेर अलिक ओभर रियाक्ट भन्छ नि श्रीलङ्कै हुन थाल्यो थाल्ने हो कि भनेर हामीले मौद्रिक नीति पनि टाइड गर्यौं । अरू यो इम्पोर्ट रेस्ट्रिक्सन गरौं । त्यसले पनि राजस्वमा दबाब पर्यो र अरू कारणले पनि अर्थतन्त्रमा शिथिलता आयो । यी सबै कारणले राजस्व जति हामीले भन्याजस्तो उठेन तर अब तपाईंहरूको जायज प्रश्न हो । जायज जिज्ञासा हो । अब कसरी गर्छौं त? कसरी बढ्छ भनिराख्या छौं । अब हामी राजस्व बढाउछौं । यति हामीले अनुमान गर्या छौं । भनिराख्दा त्यसको आधार के हो? भन्नी कुरा यहाँहरूको जायज जिज्ञासा हो । जायज प्रश्न हो । हामीले राजस्वमा राजस्व वृद्धिको लागि जुन कर प्रणालीमा राजस्वमा हामीले अहिले नीति लिएका छौं । जसको भ्याटको दर घट्दै जाने छुट चाहिँ हरेक वर्ष बढाउँदै जाने प्रवृत्ति थियो । त्यसलाई हामीले त्यो छुटलाई अब घटाएका छौं । भ्याटको दायरालाई बढाएका छौं । नेपालमा राजस्व वृद्धि भएकै वैज्ञानिक कर प्रणाली भ्याट प्रवेश गरेपछि यो हाम्रो चाहिँ राजस्वको दायरा फराकिलो भ'को हो । त्यस बेला मलाई राम्रोसँग याद छ । म पढेर फर्क्या थिएँ । विदेशबाट अमेरिकाबाट पीएचडी गरेर मेरो आफ्नै सहोदर दाइ रामशरण महत अर्थमन्त्री हुनुहुन्थ्यो । सारा उद्योग, व्यवसायी सडकमा उत्रिया थिए । त्यसको खिलाफ व्यापक विरोध भा' थियो । त्यसका बाबजुत सरकार अड्यो  र त्यो लागु भयो । त्यो कारणले चाहिँ यो दायरा अत्यन्त प्रतिकूल समयमा पनि करको दायरा राजस्वको दायरा वृद्धि भएर हामीले जुन आर्थिक वृद्धि दरको अनुमान गर्छौं । त्योभन्दा कयौं गुणा बढी राजस्वको अनुमान गरेर करिब करिब प्राप्त पनि गरिरा' हो । नत्र नर्मल्ली त्यस्तो हुँदैन । कहाँ हामी २०/२५ प्रतिशतको चाहिँ टार्गेट कहाँ राख्न सक्छौं? अरू देशमा त्यस्तो हुँदैन किन भने ट्याक्सको परिधिमा सबै आ'का छैन भन्ने आँकलनका आधारमा त्यो ट्याक्स प्रणालीलाई लागु भा' थियो । तर विस्तारै विस्तारै हटाउँदै हटाउँदै त्यसको चाहिँ अब श्वास नै बाँकी नरहनेजस्तो स्थिति हुँदै गएपछि अब ट्याक्सको बेस पनि स्विङ हुँदै गयो ।

जो चाहिँ चलखेल गर्छन् । पावर करिडोरमा पहुँच छ । हामीलाई त यस्तो भो' हामीलाई त यस्तो मर्का पर्यो भनेपछि ल त ल भन्दै जाँदा त्यो चाहिँ छुटका दायराहरू बढ्दै गयो त्यसले गर्दाखेरि चाहिँ यो समस्या आयो । त्यसकारण यसपाला अझै म भन्दिनँ । हन्ड्रेट

पर्सेन्ट हामीले यसलाई वैज्ञानिक बनाउन सक्यौं । त्यो म दाबी गर्दिनँ । किनभने मसँग समय नै कम थियो । यति छोटो समयमा सम्पूर्ण कुरालाई चाहिँ एउटा अर्डरमा ल्याउनु त्यसको डेप्थमा पुगेर गर्नु सम्भव थिएन तर मैले जे सम्भव छ । रातदिन एक गरेर बेस्ट ल्याउन खोसिस गर्या छु । त्यसले कतिपय स्वार्थ समूहहर अतालिएर यो चाहिँ लेखाउनेदेखि यो विरोधमा अनेक खाले कुराहरू आउने कुरा जुन भा'को छ । त्यसको कारण के हो भने मैले हेड अन त्यो प्रवृत्तिको खिलाफमा उभिएँ । मेरो लक्ष्य अर्जुन दृष्टि एउटै मात्र छ । त्यो भनेको कसैको पनि मुख नहेरीकन न्युट्रल भएर कसरी यो अर्थतन्त्रलाई चलायमान गर्न सकिन्छ । कसरी कसैको पक्ष र विपक्षमा नभईकन समग्र यो अर्थतन्त्र र अर्थ व्यवसायलाई परिचालन गर्न सकिन्छ र राजस्वको दायरा पनि बढ्ने तर कागतीजस्तो निचोरिएर त्यो ट्याक्स लिने पनि नगर्ने । त्यो हिसाबले हामीले चाहिँ यो ट्याक्सको प्रस्ताव राखौं ।

त्यहाँ चाहिँ यो प्याज, आलुमा लाग्यो । आम सर्वसाधारणलाई अप्ठ्यारो पर्यो भन्ने पनि कुरा आ' छ तर हामी सँगसँगै के भनिरा' छौं? अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत माननीय सदस्यज्यूहरूलाई म निवेदन गर्न चाहन्छु । कि हामी के भनिरा' छौं भने हाम्रो चाहिँ सामान्य खाद्य वस्तु पनि किन्ने तरकारी पनि विदेशैबाट? आलु पनि विदेशैबाट हामी भन्छौं । फेरि के भन्छौं भने आन्तरिक उत्पादनलाई प्रोत्साहन दिने प्रमोट गर्ने यो कर प्रस्ताव ल्याउँदा फेरि यो त आम यो उपभोक्तालाई मार पर्ने गरी ल्यायो यो चाहिँ भ्याट जुन लगाइया छ । त्यो भन्सार विन्दुमै लाग्छ । यो चाहिँ आयात प्रतिस्थापन हुँदै गयो जाओस् । यहाँको उत्पादनलाई प्रमोसन गर्दै जाओस् भनेर लगाको हो । त्यो आन्तरिक उसमा पनि त लाग्छ नि भनी तपाईंहरूको जिज्ञासा स्वाभाविक हो तर के छ भने जुन ठुलो डिपार्टमेन्टल स्टोरहरू जान्छन् । त्यहाँ त अलिकति पहुँचवाला पुग्ने हो नि हो त्यहाँ त्यो आन्तरिक उत्पादन पनि त्यहाँ पुग्यो भने लाग्छ तर सामान्य जुन चाहिँ अब पसलहरू छ र ठुलो कारोबार छैन । तिनीहरूलाई लाग्दैन । भनेपछि अधिकांश हाम्रो आन्तरिक उत्पादन हुने भन्या त्यस्तै छ । विशाल कमर्सियल हाम्रो उत्पादन ठुलो भोलुममा हुने छैन । सानो सानो कोअपरेटिभसहरू छ, individual हरूले यहाँ ल्याएर तरकारी बजारमा अथवा चाहिँ विभिन्न मार्केटमा बेच्छन् र त्यो चाहिँ यो टोल टोलको उसको पसलमा पुग्छ । उनीहरूले यो ट्याक्स उनीहरूलाई चाहिँ भ्याट लाग्दैन । मूलभूत रूपमा जुन आयातित वस्तु प्रयोग गर्छन् । अफ्कोर्स त्यसको केही इम्प्याकट प्रभाव त्यसमा पर्छ तर हामीले हाम्रो उत्पादन प्रमोसन गर्ने हो भने प्रतिस्पर्धी बनाउने हो । त्यो गर्न जरुरी छ नि त्यो हिसाबले यो करको प्रस्ताव गरिया हो ।

अब यहाँ । यहाँ पनि प्रश्न उठ्या छ । अब यो विद्युतीय सवारी साधनमा के गर्या हो । आम आम आम मान्छेले चढ्ने गाडी गाडी आम मान्छेले चढ्छ? जुन अहिले जुन चाहिँ आउँछ विद्युतीय साधन ३०/४० लाख पर्छ । आम आदमीले आम नागरिकले चढ्ने हो? अहिले म तपाईंहरूलाई यो तुलना गरेर मसँग तथ्याङ्क छ । कि यो जुन अहिले हामीले विद्युतीय गाडीमा करको rationalization म भन्छु । त्यसलाई एकदम बढा'को भन्दिनँ । rationlize भनेको के हो भने जुन तहको गाडी जुन मूल्य पर्ने जुन क्षमताको गाडी हो । कम क्षमताको लागि कम दर अलि बढी क्षमताको लागि अलि बढी दर अझ ज्यादा क्षमताको लागि अझ बढी दर त्यसरी एउटै प्रोग्रेसनमा जाने गरेर हामीले प्रस्ताव गर्या छौं र यो कर लगाउँदा कुनै पनि हालतमा यो विद्युतीय कार छोडेर पेट्रोलियममा आधारित कारमा कोही जानेवाल छैन । त्यो सुनिश्चितता गरिया छ । हेर्नुस् यहाँ चाहिँ मैले कम्प्यर नै गरेर उ गर्या छु । कि कसरी यो पेट्रोल, डिजेलमा आधारित गाडीहरूमा कति ज्यादा प्रतिशत कर लाग्छ । कति बढी छ । बढी छ अहिले विद्युतीय साधन र विद्युतीय साधनको पनि अब लागत घटिरा' छ । किनभने टेक्नोलोजीमा परिवर्तन आयो पहिलाजस्तो होइन र भारतमा अन्य देशमा जुन चाहिँ विद्युतीय गाडीहरूमा इम्पोर्ट ट्याक्स लाग्छ । हामीले अझ एक्सरसाइज अथवा भन्सार दर लाग्छ । त्यो हाम्रोभन्दा निकै माथि छ । हामीले त यहाँ आउँदै नआ'को एक दुइटा पाटफुट गाडी आउँदाखेरि यो नीति ल्यायौं । अब यो चाहिँ विस्तारै आम सबैले चाहिँ जो जो गाडी चढ्न सक्दछन् ।उनीहरूले अब यसमा जाँदै छन् । तुलना गर्नुस् । मारुती ४०० त्यो बेसिक हो नि पेट्रोलियम त्यसलाई लाग्या चाहिँ कर दर हेर्नुस् र यसमा लाग्या कर दर हेर्नुस् । धेरै तल छ र कति ज्यादा राजस्व गुम्या छ । तर हामी राजस्व गुमे पनि अब हामी विद्युतीयमा जानुपर्छ । हामी अब चाहिँ यो पेट्रोलियम प्रोडक्टको आयात घटाउन चाहन्छौं । यो विद्युत्को उपयोग ट्रान्सपोर्टेसन सिस्टममा चाहिँ बढाउन चाहन्छौं भनेर तै पनि यो कम दर चाहिँ प्रस्तावित गरिया छ । त्यसो हुनाले यसमा कुनै पनि दायाँ बायाँ भ'को छैन ।

अब यहाँ अर्को कुरा चाहिँ के आयो भने ल अघिल्लो दिन किन तेत्रो गाडीहरू आए? म आफैं त्यसलाई बढाउने प्रस्ताव गर्ने अनि मैले सूचना चुहाउँदै हिँड्छु? म उनीहरूको पक्षमा त्यही रेट राख्थें नि । यो के हुन्छ भने सबैलाई के थाहा छ भने योभन्दा घटाउने स्थिति छैन । बुझ्नुभो' नि विद्युतीय गाडीमा कर योभन्दा घट्दैन । कि यथावत रहला बढी भयो भने नत्र केही न केही बढ्छ । उद्योग व्यवसायीले जहिले पनि यो बजेटभन्दा अगाडि नै एउटा अनुमान गरेर त्यो किसिमको एउटा निष्कर्ष पुग्छन् । यो घट्दैन । बढ्न सक्छ । त्यही नै रह्यो मैले किन्नु नै छ । किनिराखौं । बढ्यो भने पनि त्यो अहिले मैले किनें भने ठिकै हुन्छ ।

फेरि दुई दिन अगाडि त्यसको एलसी यो चाहिँ अघिल्लो वर्षमै एलसी खोलेकै अधिकांश 85/90 पर्सेन्ट के रैछ भने अघिल्लो वर्ष चैत्र पहिला नै एलसी पोलिसी आ'को लागि अब मैले चाहिँ ऊ गरेर आयो । त्यस्ता चर्चा परिचर्चा पनि भए । जो चाहिँ vested इन्ट्रेसट स्वार्थ समूह जसले एउटै गाडीमा तपाईं बुझ्नुहोला दसदेखि पन्ध्र लाखसम्म त्यहाँ फाइदा उठाएर एउटा गाडीमा । अब उनीहरूले मार्जिन घट्ने भयो । उनीहरू रिसाए । कुरो त्यो हो । त्यसकारण यसमा विषयमा पनि मैले स्पष्ट गर्न चाहन्छु ।

अब राजस्वलाई जसरी वैज्ञानिक रूपमा हामीले चाहिँ राख्या छौं । भ्याटको दायरालाई विस्तार गर्या छौं र सँगसँगै हामीले स्थानीय उद्योग व्यवसाय । स्थानीय उद्योग व्यवसायलाई प्रमोट गर्ने मेड इन नेपाल, मेक इन नेपाल भनेर चाहिँ हामीले भन्यौं नै त्यो नारा मात्रै दिया होइन । यहाँ बजेटमा नारा मात्रै आ'को होइन । हामीले वास्तविक रूपमै हेरी हेरी कसले १० पर्सेन्ट, १५ पर्सेन्ट, २० पर्सेन्टसम्म पनि भ्यालू एडिसन गर्छ । विदेशबाट केही कच्चा पदार्थ ल्याएर यही जोडजाड गर्छ । अलिकति नेपालीहरूलाई पनि रोजगारी दिन्छ । रोजगारी पनि दिन्छ । त्यसबाट रोजगारी प्राप्त गरेकाहरूले केही आम्दानी पनि गर्छन् र हाम्रो आर्थिक आन्तरिक अर्थतन्त्र गतिशील हुन्छ । त्यस हिसाबले चाहिँ हामीले यो राजस्वको दरहरू हामीले प्रस्तावित गरौं । त्यो प्रस्तावित गर्दाखेरि हामीले कम्तीमा पनि कही एरर एक दुइटा छुट्या भए म भन्न सक्दिनँ । होइन भनेदेखि एक तहको प्रोटेक्सन यहाँ उत्पादन गर्नेहरूलाई देया' छौं । बाहिरको बाहिरबाट आयात गर्नेको तुलनामा त्यस हिसाबले गर्दाखेरि मलाई लाग्छ । यो फ्यासिलिटीले नेपालको उद्योग व्यवसाय प्रमोट गर्न प्रमोसन हुन मद्दत गर्छ । त्यसकारण यो प्याज, आलुको स्याउको जुन चाहिँ ओ आम आम नागरिकलाई ऊ पर्यो भन्ने जुन चाहिँ भाष्य प्रचार गरिया छ । यसमा नपरौं । तेलको पनि त्यही त्यसमा चाहिँ हामीले थप क्याबिनेटबाट निर्णय गरेर दिएको थप सुविधा मात्र कन्टिन्यू नगर्या हो अरू सबै यथावत नै छ ।

त्यसकारण उनीहरूलाई पनि जो अलिकति भए पनि यहाँ प्रोसेसिङ गर्छन् । उनीहरूलाई प्रोटेक्सन छ अब पाएसम्म त बढी प्रोटेक्सन लिऊँ । बढी फाइदा उठाऊँ । बाहिर एकदम तेलको भाउ घट्दा पनि यहाँ त घटाउनुभएन नि वहाँहरूले । त्यसको त ट्रान्सफर गर्नुपर्ने नि उपभोक्ताहरूले । ट्रानसपोज गर्नुभा' छैन । त्यसबाट धेरै फाइदा पनि लिनुभा' छ । त्यसो हुनाले यसमा पनि हामी स्पष्टै छौं । त्यसकारण अहिले जति पनि राजस्वको दरहरू हामीमा वैज्ञानिक रूपमा प्रस्तावित गर्या छौं । यसले हाम्रो राजस्व बढ्छ । खालि हचुवाको भरमा बढ्छ देखाउनको लागि प्रस्ताव गर्यो होइन । हामीले विदेशी ऋण पनि धेरै लक्ष्य राख्या छैन । किन लक्ष्य राखेनौं भने आन्तरिक ऋण पनि पहिला लिनेभन्दा कमै राख्या छौं । किन राख्यौं भने ।

यो आन्तरिक ऋण भन्या हामीले बैङ्किङ सिस्टमबाट लिने हो । सरकारले जति ज्यादा लिन्छ । निजी क्षेत्रले पाउने ऋणको भोलुम घट्छ । हामीले लिने त्यही रिसोर्सेस मैले धेरै लिने भने अर्कोले कम पाउने भयो नि । त्यसकारण निजी क्षेत्रलाई पनि चाहिने । जुन स्रोत साधन होस् । पुँजी होस्, प्रवाह होस् लगानीको लागि होस् भनेर हामीले धेरै टार्गेट राखेनौं ।

त्यस्तै गरेर विदेशी सहयोग पनि एकदम अहिले चाहिँ सहयोग गर्न इच्छुक छन् । मैले वहाँहरूलाई भन्या छु । अब हामीले सहयोग लिँदा कति प्रोडक्टिभ कति उत्पादनशील ठाउँमा प्रयोग हुन्छ? किन सर्तमा तपाईंहरूले ऋण दिनुहुन्छ? यसलाई मध्यनजर राखेर हामी सेलेक्टिभ भएर लिन्छौं । लिन पायौं भन्दैमा अहिले पनि फिर्तै गर्नुपर्ने स्थिति छैन भने जेमा पनि लिइदिने । त्यो प्रवृत्ति पनि थियो । यसलाई हामीले बन्द गर्ने नीति ल्या' छौं र हामीले धेरै एम्बिसियोस गोल राख्या छैनौं तर त्यो गोल हामीले चाहिँ त्यो लक्ष्य प्राप्त गर्यौं भने ठुलो उपलब्धि हुन्छ र त्यसलाई टेकेर धेरै ठुलो सहयोग यो आउने वर्षभन्दा अर्को वर्षमा हामी धेरै ठुलो सहयोग हुन सक्छ तर हामी सम्पूर्ण राज्य संरचना यहाँहरू सबैको समर्थन सहयोग र विश्वास चाहिन्छ । कि सबै यहाँ सत्ता आउनेबित्तिकै अब तिनीहरूले खराबै गर्छन् । विपक्ष भो' सत्तामा बसे अब यो पार्टीहरू विपक्षीमा भए सत्तामा बस्नेबित्तिकै अब तिनीहरू खराबै गर्छन् भन्ने होइन । हामीले गुड इन्टेन्सनले हामी काम गर्छौं । त्यसमा यहाँहरू सबैको सहयोग भयो भने । सम्पूर्ण नेपाली अर्थतन्त्र फाइदामा रहन्छ । नेपाली नागरिकहरू चाहिँ फाइदामा रहन्छ भन्ने मलाई लाग्या छ ।

साधारण खर्च मैले भनिसकें । साधारण खर्च भन्ने शीर्षकमा धेरै कुरा त्यहाँ पुँजीगत खर्च पनि छ । मैले अघि निवेदन गरें यहाँहरूलाई त्यसकारण सबै त्यो देखिने खर्च साधारण खर्च होइन । नाउ साधारण भए पनि त्यहाँ पुँजीगत खर्चको कम्पोनेन्ट छ । हिस्सा छ । तैपनि अरू कम्पोनेन्ट हामी घटाउन चाहन्थ्यौं तर घटाउन सक्ने स्कोप जो सुकै सत्तामा आए पनि छैन । सामाजिक सुरक्षा हामी कसैले घटाउन चाहन्छौं? चाहँदैनौं । हामीले पनि घटाएनौं । दिइसक्यौं अझ लक्षित समूहलाई अझ केन्द्रित गरेर दिन पा'को भए हुन्थ्यो । हामीले त्यो किसिमको डेटा अझै हामीले बन्दै छ बिलो पोभर्टी लाइनको । गरिब, विपन्नहरूको त्यो आएपछि अझ लक्षित त्यो समूहलाई लक्षित गरेर विशेष किसिमको सुरक्षा सामाजिक सुरक्षा नीति हामीले तय गर्न सक्छौं । हामीले त वृद्ध भत्ता पनि सबैलाई द्या' छौं । अरू खाले भत्ताहरू पनि विशेष सुविधाहरू पनि त्यसरी द्या' छौं । त्यसले गर्दाखेरि त्यो पनि घटाउन सकिएन सक्ने कुरै भएन । अब प्रशासनिक खर्चमा आऊ । तलब घटाउने सक्ने कुरा भएन । अब तलब घट्यो तपाईंहरूको भन्न सक्ने कुरा भएन । कम से कम यो सालमा बढाउन सकिएन चाहेर

पनि । भनेर हामीले बढाएनौं । अरू भत्ता हामीले चाहिँ जुन बेला हामी काम गर्ने हो त्यही बेला गर्दिऊँ । सकेसम्म एक्स्ट्र टाइममा गएर त्यो नदेखाऊँ भन्ने यहाँ कोसिस भा'को छ । यहीं संसद सचिवालयमा अप्ठ्यारो परिसक्या छ । हामीले एउटा नीति ल्यायौं । यहाँ त अफ टाइमै काम गर्नुपर्छ हामीले के गर्ने । त्यहाँ व्यावहारिक अप्ठ्याराहरू आइसके भनिसकेपछि हामीले कम से कम एड्मिनिस्ट्रेनिभ कस्टमा कहाँ कहाँ हामीले घटाउन सक्यौं । अब यहाँहरूले चाहिँ यो त फेरि सबैलाई बन्द गरिदियो भन्ने आवाज पनि यहीँबाट आ'को माननीय सदस्यहरू । स्वाभाविक हो आउँछन् सारा आएर जहाँ जिम्मेवारी लिइराख्या छ । कोही त्यहाँ छोड्न चाहँदैन । त्यो रहिरहोस् भैरहुँ भन्ने हाम्रो त छँदै छ । यद्यपि हामीले अझै सानै सङ्ख्यामा प्रस्तावित गरौं । त्यो पहिलाको खनाल आयोगको चाहिँ सिफारिस त लामै थियो । त्यसमा फेरि हामीले चाहिँ हेरेर अहिले कति गर्न सकिन्छ त भन्दा अलि लामै थियो । त्यसमा पनि वहाँले प्रस्ताव गर्याजस्तो होइन । हाम्रो बैकुन्ड अर्यालजीलाई सचिवज्यूलाई यसको चाहिँ वहाँको नेतृत्व जिम्मेवारी दियाथ्यौं । त्यसमा पनि अझै घटाउँदाखेरि पनि यहाँ चाहिँ प्रश्नहरू उठ्या छन् ।

निर्वाचन आयोगको यहाँ कुरा आयो । यहाँ पनि माननीयज्यूहरूले उठाउनुभा' छ । अब हामी यही निर्वाचन पद्धतिको लागि डेमोक्रेसीको लागि जेलनेल सारा कुरा गर्ने अब हामी चाहिँ निर्वाचन पद्धतिलाई कम्प्रोमाइज गर्ने अनि त्यसलाई चाहिँ उसको अन्तर्गत सीडीओको नेतृत्वमा सबै निर्वाचन आयोग चलाउने त्यस्तो कल्पना हामीले गर्न सक्छौं? यो त कल्पनाभन्दा बाहिरको कुरा हो । हामीलाई के लाग्यो भने छलफलबाट कि यो पाँचै वर्ष त वहाँहरू सक्रिय हुन पर्दैन । त्यसो भएको हुनाले सीडीओ कार्यालयमै त्यहीं जुन परिसर छ । त्यही जुन बिल्डिङ छ त्यहाँ वहाँहरूको एउटा युनिट राखे छुट्टै वहाँको बाहिर पूरा फुल फेज अफिसको सट्टा एउटा युनिट राखेर खर्च अलिकति कम गर्ने हो कि भनेर सबैतिर एउटा अलि अलि बचाउँदै कलिकति ठुलो बचाउने हो । अब हेर्दा अब यति त हो नि भन्ने अर्कोले पनि भनिरा' हुन्छ । हाम्रो त यति त हो नि त्यही त्यति त्यति जोड्दै जोड्दै गर्दा ठुलो हुने हो । त्यो हुनाले गुड इन्टेन्सनले हामीले त्यो प्रस्ताव गरौं । निर्वाचन आयोग आजै बिहान प्रधानमन्त्रीसमक्ष मलाई पनि बोलाइयो त्यहाँ वहाँहरूले । ठुलो उ गर्नुभो' पहिला फेरि वहाँ नै सचिव हुँदा वहाँले नै यो हटाउनुपर्छ भनेर प्रस्ताव गर्नभा' रैछ पछि तर चाहिँ कानुनी रूपमा त्यहाँकै सल्लाह लिएर यहाँ अलि सल्लाह हामीसँग भएन भन्ने कुराहरू आयो । यसलाई व्यावहारिक रूपमा मिलाउँलापछि भनेर भन्या छौं पछि न कुनै इन्टेन्सन, त्यसको इन्टिग्रिटी, त्यसको जिम्मेवारी त्यसलाई कम गर्ने वहाँहरूको क्षमतालाई कर्टेल गर्ने । वहाँहरूको आवश्यकतालाई कटेल गर्ने कुनै मनसाय हाम्रो थिएन । त्यसरी प्रस्तावित भा'को पनि छैन । यहाँ दुग्ध बोर्डको कुरा पनि आ'को छ । त्यहाँ धेरै यसको

चाहिँ आवश्यकताका बारेमा चाहिँ प्रश्नहरू उठे अब जस्तोः रेल्वे बोर्डकै दुई तीनओटा रेल्वे विभाग पनि बोर्ड पनि कम्पनी पनि भन्दा रेल चाहिँ के छ । एउटा पनि त्यो राम्रोसित हिँड्या छैन । अब तीनओटा संरचना किन चाहियो? यस्तै यस्तै कुरामा कहाँ कहाँ हामी समायोजन गर्न सक्छौं । कहाँ कहाँ कुनै आवश्यकता छन् । कतिपय संरचनाहरू केन्द्रले सञ्चालन गर्न आवश्यक छैन । त्यसका आधारमा यो प्रस्ताव गर्या हो । यसले चाहिँ धेरै सेभ नगरे पनि यी तमाम जुन भत्ताका कुरा गाडी नकिन्ने कुरा ठुल्ठुला बिल्डिङ नबनाउने कुरा धेरै ठुल्ठुलो पाँच, छ, सात अरबका बिल्डिङ इभन क्यारे जिल्लाको कार्यालय बनाउन ठेक्का नै लाग्न लागिसक्यो । अवार्ड नै गरिसक्यो । सुनिश्चित गर्दिनुपर्यो स्रोत साधन कहाँ कटाउन पाइन्छ? अब तत्रो मेरो अनुमानमा तत्रो ठुलो चाहिँ आवश्यकता छैन । त्यसकारण जति आवश्यकता त्यति किसिमको डिजाइन गर्नुस् । सानो सानो बिल्डिङ बनाउनुस् जति आवश्यकता हो त्यहीअनुसार गर्नुस् भनेर हामीले भन्यौं त्यसरी चाहिँ ठुला बिल्डिङहरूलाई हामीले खर्च गर्न कम कोसिस गर्या छौं ।

यी सबै हिसाबले हामी खर्च पनि केही कटौती गर्ने र पुँजीगत खर्चको प्रभावकारित बढाएर हामीले अर्थतन्त्रलाई चलायमान गर्ने त्यसमाथि मौद्रिक नीतिमार्फत पनि ब्याजदर घटाउन हामीले राष्ट्रपतिलाई भन्या छौं । केही पहल पनि भा' छ थप पनि होला भन्ने हिसाबले हामीले यो राजस्वको अनुमान वैदेशिक सहयोगको अनुमान विदेशी अनुदानको अनुमान र आन्तरिक ऋणको अनुमानको आधारमा हामीले १७ खर्ब, ५१ अर्बको हामीले प्रस्ताव गर्यौं । अब यो खास गरेर यो सडक योजना परियोजनामा समस्याहरू आ' छ । हिजोको दिनमा धेरै हजारौंहजार सडकहरू प्रस्तावित भए । स्रोतै नभईकन पनि ठेक्का लाग्यो । मैले अस्ति नै पनि माननीयज्यूहरूको बिचमा मैले निवेदन गरें । खरबौंको त्यो प्रस्ताव छ । खरबौंको पैसै नभईकन सुनिश्चित गर्द्या छ । १०/२० लाख राखेर चाहिँ २०/५० करोडको सुनिश्चितता गर्द्या छ । कहिले पूरा हुने? सुनिश्चितता गर्द्या भनेपछि ठेक्का लाग्यो पैसा आउँछ भनेर ठेकेदार पनि अगाडि बढ्यो । जनता पनि बन्नेभो' भनेर चाहिँ खुसी माने तर वास्तविकता के छ? त्यहाँ स्रोत साधन छैन । तैपनि राख्दिनुपर्छ भन्ने चाहिँ प्रस्तावहरू आइरा' छ । त्यो अवस्थामा कतिपय चाहिँ त्यो हेर्दाखेरि यत्रो बाटोको लागि के राख्या होला भन्ने त्यस्तो पनि आइरा' छ । त्यसलाई हामीले स्थानीय तल्लै तहबाट गर्दिए हुन्थ्यो भनेर कम से कम २५ लाखसम्मको बरु तलै पठाउँ भन्ने प्रस्ताव हामीले गर्या छौं त्यस किसिमबाट यो भा'को छ ।

त्यसकारणले यो ६ प्रतिशतको आर्थिक वृद्धिदर जुन हामीले प्रस्ताव गर्या छौं, यो हामीले चैं खर्चालाई प्रभावकारी ढङ्गबाट गर्यौं । यो निजी क्षेत्र पनि चलायमान भयो । र समग्रमा हाम्रो चैं सहयोगहरूलाई पनि परिचालन गर्यौं । अनि यो लक्ष्य चैं प्राप्त गर्न सकिन्छ । हामीले धेरै

८, १० प्रतिशत प्राप्त हुन्छ भनेर लक्ष्य त्यसकारण निर्धारण नगर्या हो । जति भन्छौं त्यो लक्ष्य प्राप्त गर्न सकौं भन्ने कामनाका साथ यो लक्ष्य प्राप्ती गर्या छौं । यो महत्त्वकाङ्क्षी लक्ष्य होइन ।

अब संसदीय क्षेत्र पूर्वाधार विकासका कार्यक्रमको बारेमा चर्चा परिचर्चा भाको भई छ । मिडियाले पनि यो बजेट महत्त्वपूर्ण पक्षलाई मध्यनजर नगरेर यहीलाई चैं ठुलो आकारमा प्रस्तुत गर्या, यो सांसदहरू त यिनीहरू त त्यो कोष भन्या जम्मै खल्तीमै हाल्ने हुन् । त्यही नै गर्छन् भन्ने कुरालाई चैं व्यापक गरियो । वास्तवमा जनताबाट निर्वाचित भएर तपाईंहरू सबै कोही प्रत्यक्ष भएर होला, कोही अप्रत्यक्ष भएर, कोही समानुपातिक हो । त्यो पनि भोटैबाट आको । सबै हामी जनताप्रति चैं उत्तरदायी छौं । त्यसकारण यत्रो ठुलो अविश्वास पनि राम्रो होइन । र त्यसै हुनाले हामीले फेरि यो संसदीय कोष भनेर पुरानो ढाँचामा यो प्रस्तावित छैन । सिधैं सांसदलाई दिने र उहाँहरूले आफू खसी कसरी खर्च गर्ने १० लाख, ५ लाख उपभोक्ता समिति बनाएर, के बनाएर त्यो गर्ने मोडलमा अहिले छँदै छैन । मैले पटक पटक भनें तैपनि कतिले चैं सुन्या नसुनै गरेर पुरानै यो चैं कोष, कोष, कोष भनेर भन्या भन्यै स्थिति छ ।

र यहाँ समानपातिक माननीयज्यूहरूले पनि, यो माथिल्लो सदनको माननीयज्यूहरूले पनि यो त प्रत्यक्ष निर्वाचितलाई मात्रै उ भयो भनेर यहाँहरूले जिज्ञासा उठाउनुभा' छ । त्यहाँ कहीं कतै पनि प्रत्यक्ष निर्वाचित मात्रै भन्या छ? जनप्रतिनिधि, जनप्रतिनिधि भन्या सबै । समानुपातिक पनि हो, यहाँहरू पनि हो, प्रत्यक्ष निर्वाचित पनि हो । त्यसकारण काहीं कतै पनि प्रत्यक्ष निर्वाचित सांसद भनेर त्यहाँ लेख्या छैन । र यो आशय १ करोडभन्दा कुनै पनि योजना कम नहुने भनेर उल्लेख भा' छ । बढीमा ५ वटा आयोजना हुनी भयो यसमा । ५ वटाभन्दा बढी हुँदैन । त्यो भन्नेवित्तिकै एउटा ठेक्का प्रक्रियाबाट जान्छ । ठेक्का प्रक्रिया कसले लगाउँछ? माननीयज्यूहरूले आफैं लाउनुहुन्छ? यो चैं जुन सडक छ भने भौतिक योजना तथा सहरी विकास जुन जुन मन्त्रालय सिँचाइको छ भने सिँचाइ, त्यसले लगाउँछ । खालि माननीयज्यूहरूको रोल मैले बुझ्याँ, मैले प्रस्ताव गर्दा मेरो आशय चैं त्यही हो । त्यही किसिमको चैं यसको कार्यविधि सबै कुरो त्यहाँ लेख्न उपयुक्त हुँदैन भनेर लेख्या छैन । कार्यविधि बनाउँदा हामीले चैं के गर्ने हो भने यो चैं माननीयज्यूहरूले सिफारिस गर्ने र त्यो सम्बन्धित निकायले ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने, त्यसको अनुगमन हामीले सिफारिस गरेको आयोजना कम्तीमा जनताको बिचमा ।

र यो अहिले जुन चैं खास गरेर सडक, सडक, सडक , सडक भन्ने धेरै उ छ नि सायद यो पैसा पनि धेरै सडकमै जाला । यो हामीले १६५ क्षेत्रमै राख्नुको कारण पनि के हो भने

कतिपय कारणले कार्यक्रम आयोजना छुट्या हुन सक्छ, कुनै जिल्ला । जस्तो हाम्रो कतिपय भौतिक योजना सम्बन्धित सडक आयोजनाहरू कस्तो छ भने पूर्व-पश्चिम राजमार्ग, वर्ल्ड बैङ्क एडीबीको मेजर लगानी ठुलो ठुलो भोलुममा त्यहाँ जान्छ । उत्तर-दक्षिण त्यो गर्नै पर्ने कतिपय त्यो राख्नैपर्छ । मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग, त्यसै गरेर मध्य पहाडी राजमार्ग यसमा राख्नैपर्छ । यो गर्दाखेरि कतिपय ठाउँहरूको निर्वाचन छुट्न सक्छ । अब स्रोत साधन थोरै छ । यता तान्यो उता खुस्किन्छ । उता तान्यो उता खुस्किन्छ । म त्यस्तो अप्ठ्यारोमा छु । अब भन्दाखेरि अर्थमन्त्रीले के गरेछ भन्दिन सजिलै भो' । मैले गर्या वोरा केही होइन । मैले त भएको स्रोतलाई कसरी म्यानेज गर्ने भन्ने मेरो सम्पूर्ण ध्यान थियो । त्यसले गर्दाखेरि यो १६५लाई नै ५/५ करोड कम से कम सुनिश्चित गर्यो भने काहीं कतै कम पर्यो, काहीं कतै अलिकति यहाँ त के भो' भन्ने जस्तो लाग्छ कम से कम त्यति त सुनिश्चित भयो नि भन्ने हिसाबले यो प्रस्ताव गर्या हो ।

र जहाँसम्म कुन माननीय के चैं भूमिका हुनी? भन्ने विषय छ । त्यो क्षेत्रभित्र पर्ने चाहे अपर हाउसको होस्, चाहे लोवर हाउसको होस्, चाहे प्रत्यक्ष निर्वाचित होस्, चाहे समानुपातिक निर्वाचित, चाहे अपर हाउसमा चैं निर्वाचित भएर आउने । सबैको भूमिका हुन्छ । त्यो कार्यविधिले तय गर्छ । यो प्रत्यक्ष निर्वाचितलाई मात्र सुम्पेको कुरो होइन । यो पनि म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । कुनै ठाउँमा उहाँहरू मात्रै हुनुहुन्छ भने त एउटैले सिफारिस गर्छ । त्यहाँ चैं अपर हाउसको पनि, अरू समानुपातिक माननीय पनि छ भनेर चैं संयुक्त रूपमा उहाँले निर्णय गर्नुपर्छ । त्यसको कार्यविधि चैं हामी बनाउँछौं । यस विषयमा पनि मैले यथेष्ट मैले गरें जस्तो लाग्छ । यहाँ चैं को छिर्यो भन्ने कुरामा त मैले धेरै चर्चा गरिसकें । यो चैं बजेट बनाउने क्रममा । अब हाम्रो त्यहाँ जो आधिकारिक हनुछन्, तिनीहरू बसेर हामी तयार गर्छौं । टाइप गर्ने त कोही हुन्छ नि । त्यो पनि बाहिरबाट खोजेर ल्याएर होइन, पहिलैदेखि नियुक्ति भएर । म आउनुभन्दा पहिला नै नियुक्ति भ'को । तीसौं वर्षदेखि टाइप गरिरा मान्छे । अब हामी आफैं त्यो विषयमा बुझ्या छौं, आफैं निर्णय गर्दै छौं भने कसलाई बाहिर अनधिकृत व्यक्तिलाई मैले किन आमन्त्रण गर्नुपर्यो हँ? आवश्यकता छ त्यसको? भनिसकेपछि त्यो कुरा त मैले स्पष्ट गरिसक्या छु । यहाँहरूले पनि बुझिसक्नुभा' छ ।

यो अब सुर्तीजन्य पदार्थमा पनि कर धेरै बढेन भन्ने कुरा आ' थियो । तर टोटलमा चैं थुप्रै कर छ । र यो सुर्तीजन्य पदार्थको पनि के हुन थाल्यो भने इन्डिया उता चैं हाम्रोभन्दा धेरै छ । भएसी त्यो चोरी बजारीबाट यता आउने हो । त्यस हुनाले यसपाल चैं धेरै नबढ्याजस्तो मात्रै हो । हरेक वर्ष बढाउँदा बढाउँदा यो चैं जस्तो यहाँ के रैछ भने उदाहरणको लागिः ७०

एमएमको फिल्टर चुरोटको प्रतिप्याकेट कारखाना मूल्य रु. ४८ रुपैयाँ भएकोमा यसको बजार मूल्य ११८ रुपैयाँ पर्छ । त्यो चैं ट्याक्स जोडेर । यसमा सबै कर गरी जम्मा रु. ७० रुपैयाँ कर लाग्छ । जुन कारखाना मूल्यको १४६ प्रतिशत, कारखाना मूल्यको १४६ प्रतिशत कर लाग्या छ । यहाँ चैं भन्दिँदा ३ प्रतिशतको जम्मा कर लाग्या छ । त्यो त थप्या पो हो त । त्यो अल्रेडी जुन कर लागिरा' छ, त्यो त तिर्ने भो । त्यसमा अझ थपियो । गर्दाखेरि १४६ प्रतिशत यो हुन आउँदो रछ । अन्त शूल्क वृद्धि गर्दा छिमेकी सीमा अवधि बजारको मूल्यसमेत हेरी प्रतिस्पर्धाप्रति बनाउने गर्या हो । यद्यपि, अझ धेरै यसलाई चैं डिसकरेज नै गर्ने हो । अब कामै छैन भनेर भन्दाखेरि अझ जति लगाए पनि भो । तर अब हामीले फेरि चैं अर्को बाटोबाट आउने कति रोक्न सक्छौं? यी कुराहरू छन् । यो अवश्य पनि यो बहसको विषय हो, छलफलको विषय हो । पछाडि यसलाई चैं हामी सम्बोधन गर्दै जाउला ।

शिक्षा र स्वास्थ्यमा कम विनियोजनको कुरा आयो । शिक्षामा त बढेकै छ । हाम्रो अहिले जुन चैं अहिलको हाम्रो बजेटको साइज छ, धेरै बढाउन हामीले इच्छाअनुसार बढाउन सक्ने त कुरो भएन । हामीले बुढानिलकण्ठ मोडेलको स्कुल, अस्ति त मैले चैं टाँसिएछ एउटा प्रति । त्यो नै जुन भन्न खोज्या त्यही नै त्यहाँ पन्ना छुटेछ । यद्यपि यहाँ छँदै छ । त्यसमा यो जेहेन्दार विद्यार्थी र गरिब, विपन्न परिवार जो चैं सार्वजनिक स्कुलमा पढ्छ, तिनीहरूलाई अब केन्द्रमा एउटा बुढानिल्कण्ठले गरेर मात्रै होइन कम से कम सातै प्रदेशमा हामीले यो लैजाऊँ । अनि त्यसपछि जिल्लामा पनि कसरी पुर्याउन सक्छौं स्रोत साधन हुँदै गर्दा, त्यो प्रस्ताव चैं मैले गर्या छु नयाँ । अब स्वास्थ्यमा के भो भने योभन्दा अगाडि यो कोभिड गर्दा हामीले चैं थप विनियोजन गर्या । अब कोभिडको विनियोजन चैं अब हामीले जस्तो चालु आर्थिक वर्षमा कोभिड नियन्त्रणका लागि १५ अर्ब ४७ अर्ब विनियोजन भा' थियो । अब हामीले चैं त्यो आवश्यक ठानेनौं । त्यसले गर्दा पनि अलि देखिएको जस्तो हो । अरू खोपदेखि लगायत बिमा जति पनि हाम्रो चैं कमिटमेन्ट हो स्वास्थ्यमा, त्यो कमी भा'को छैन । तैपनि आवश्यकता त हाम्रो अनन्त छ । त्योअनुसार हामीले गर्न सक्या छैनौं । अहिले पनि हामीले प्रस्ताव गर्न सक्या छैनौं । आम्दानी छैन । आम्दानी नभई खर्च ज्यादा गर्न सक्छु भनेर मैले जुन प्रस्ताव गर्दा त्यो जुटाउनै नसक्ने गरेर प्रस्ताव गरी भने त भोलि फेरि यो कुरा त एक वर्ष बित्दा नबित्दै, छ महिना, सात महिना बित्दा नबित्दै त था' पाइहल्छ नि । त्यसो हुनाले हामीले यसलाई मोडेस्ट लक्ष्यका रूपमा हामीले उ गर्या छौं ।

अब यो वित्तीय हस्तान्तरण, यो प्रदेशहरू, स्थानीय निकायहरूलाई कम भयो कि? भन्ने त्यो पनि छैन । जस्तोः कूल बजेटको आयकर घटेकोले जस्तो यो अहिले आर्थिक वर्षभन्दा त

घट्यो नि । स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण रु. ५ अर्ब मात्र घटेको छ । समग्रगमा पुंजीगततर्फको रकम संघमा करिब २१ प्रतिशत घट्या छ । तर प्रदेश र स्थानीय तहमा जाने रकममा ७ प्रतिशत मात्रै घट्या छ । त्यसकारण घट्यो भन्दै गर्दा केन्द्रमा चैं कति घट्यो? त्यो तुलना गर्दा केन्द्रमा २१ प्रतिशतले घट्यो । अब बजेटको साइजै घटेपछि त केही त हाम्रो यो पनि घटाउने हाम्रो चाहना थिएन । तर ७ प्रतिशत मात्रै घट्या छ । मैले कारण बताइहालें । हाम्रो चैं ऋण ब्याज तिर्ने दायित्व बढ्दै गयो । अब अर्को वर्ष अझ बढ्छ । राजस्वको दायरा हामीले फारकिलो गर्न सकेनौं भने पँजीगत खर्चमा अझ दबाब आउँछ । त्यो चुनौतीपर्ण स्थितिमा चैं हामी छौं । त्यसकारण यो स्थानीय र प्रदेशलाई घटाउने हाम्रो कुनै नियत छैन । र तुलनात्मक रूपमा कम घट्या छ । केन्दरको बढी ।

अब मधेस एउटा मधेस यहाँ पनि उठ्या छ जस्तो लाग्या छ । मधेसमा कम विनियोजित भयो । खास गरी दुई नम्बर मधेस प्रदेशका साथीहरूले चैं विशेष गरेर यसलाई उठाउनुभा' छ । त्यस्तो पनि होइन । जस्तोः मधेस प्रदेशमा विनियोजनको कुरा गर्दा पूर्व-पश्चिम राजमार्ग कोशी, कमला, फेरि डल्के बजारबाट यता जुन मेजर त्यो वैदेशिक सहयोग त्यो त मधेस प्रदेशमै पर्छ नि । त्यसलाई पनि काउन्ट गर्दिनुपर्यो । त्यसै गरेर चैं पत्लय वीरगञ्ज करिडोर, चन्द्र निगारपुर गौरमा पनि राम्रो त्यहाँबाट आयो । सबै ठाउँमा फोरलेन भइसक्यो अन्त । यहाँबाट पनि भएन भन्ने ठुलो माग । त्यहाँ पनि राम्रै रकम राख्या छ । हुलाकी राजमार्ग, त्यहाँभित्र नि पर्छ । त्यहाँ रकम छ । सुनकोशी मरिन, यसलाई फेरि यो मधेसको होइन भन्नुभएन के । अहिले मेजर पैसा हामीले त्यता खान्यायौं । मैले यहाँ १ अरब अस्ति भर्खरै त्यहाँ पुगेन भनेर पठको । त्यहाँ त त्यो टनेल खन्ने मेसिनले त भटाभट त्यो राख्या, विनियोजन गर्या पैसाले त पुग्दैन पुगेन । १ अरब मात्रै अस्ति पठा', अब फेरि अर्को १ अरबको यहाँ प्रस्ताव आइसक्यो । त्यो भन्या मधेस प्रदेशमा जाने हो क्या त्यो पानी । त्यो मधेस प्रदेशको लागि हो त्यो बजेट । यसरी बुझ्दिनुपर्यो नि । त्यो त्यहाँ माथिल्लो कोशी प्रदेशमा चैं त्यहाँ त्यो सिँचाइ गर्न होइन । त्यो त मधेस प्रदेश जुन ८ जिल्ला छ, त्यसमा ४/५ जिल्ला त्यसले कभर गर्छ । अझ हामी चैं यो सुनकोशी डाइभर्सन अर्को पनि गर्न चाहन्छौं । एकै ताल गर्न त साधन स्रोतै छैन । त्यसमाथि तराई मधेसमा चैं चाहे भेरि डाइभर्सन होस्, चाहे कैलालीको जिल्लाको यो महाकाली होस्, यता यो कर्णालीबाट पनि अर्को चैं आयोजना त्यहाँ गर्या छ, अधिकांश सिँचाइका आयोजनाहरू पहाडमा त छँदै छ । त्यो सबै तराई मधेसमा हो । त्यही नै छ जमिन, सम्म जमिन बढी । त्यसकारण मधेस प्रदेशमा बजेट कम भो' भन्ने कुरामा कुनै सत्यता छैन । र त्यसमाथि अरू अरू साधारण खर्च सामाजिक सुरक्षा अरू त सबै ठाउँमा जाने हो, सबै वृद्ध जो

छन् । सबै ठाउँमा पुग्ने हो । त्यसमा कुनैलाई दिने, कुनैलाई नदिने हुँदैन । अरू चैं विपन्न, दलित, दलितको नि ठुलो सङ्ख्या छ त्यहाँ । त्यसलाई केन्द्रित गरेर जुन सामाजिक सुरक्षाको प्रस्ताव गर्या थियो, त्यहाँ पनि जाने हो । अरू चैं यो तराई मधेसलाई केन्द्रित गरेर कतिपय योजनाहरू छन्, त्यहीँ जाने हो । त्यसो भ'को हुनाले त्यस्तो भ'को छैन । यसलाई चैं बृहत्तर रूपमा बुझिदिन पनि म अनुरोध गर्छु । इभन यो फास्ट ट्र्याक भन्या पनि मधेस प्रदेशमा पनि पार्टी त्यो पर्छ । होइन यो रौतहट निजगढ, बाराको निजगढ जोडिने, पार्टली यता चैं मकवानपुर र काठमाडौं पर्ने हो । पार्टली त्यहाँ पर्छ । त्यसकारण त्यसरी त्यो समग्र रूपमा हेर्दिनुभो' भने त्यस्तो छैन भनेर म भन्न चाहन्छु । जस्तो तराई मधेसकै कुरा गर्ने त महाकाली, रानीजमरा, कुलरीया, भेरी बबई, बबई, सिक्टा, नारायणी, सुनकोशी, मोरङ, कन्काई, यो सबै ती नै जान्छ । यो तीन जिल्लामा केन्द्रित भो' भन्ने यहाँ पनि उठ्या छ । यसमा नि सत्यता । पहिलाको हेर्नुभो' भने त कहाँ केन्द्रित भयो? त्यसको म तथ्याङ्कै ल्याइदिन्छु । पहिला पहिला बजेट । कति गा' रैछ भन्नुभो' भने त यो त पिनट बराबर पनि छैन । त्यस्तो हुँदै होइन । त्यस्तो किसिमबाट भा'को छैन । तर कतिपय वर्षदेखि नपर्दाखेरि अलि अलि चैं त्यहाँ पर्यो होला । त्यो त देखिहाल्नुहुन्छ तथ्याङ्कले । समग्र बजेटको साइज भौतिक योजनामा कति साइज छ र कति त्यहाँ पर्यो भन्नुभो' भने ए यो त खासै रहनेछ भनेर तपाईं आफैं भन्नुहुन्छ ।

यो मेडिकल, गेटा मेडिकल कलेजको कुरा, त्यहाँ के कन्फ्युजन भयो भने यो हामीले प्रतिष्ठान भनेर चैं भन्यौं । आखिर त्यो पनि कलेजै हो हुनत होइन । विश्वविद्यालय भनेर चैं यहाँ निर्णय भएर आएछ । बजेट पनि दुवैतिरबाट आयो । बजेट त थुप्रै छ फेरि । १ अरब कति प्लस । यो शिक्षाले पनि स्वास्थ्यले पनि क्लेम गरेर, त्यो हुँदा त्यो नाउँ पर्या हो । त्यसमा कुरो एउटै हो । तर त्यसमा नाउँमा कुनै समस्या छ भने त्यसलाई हामी पछि मिलाइहाल्छौं । तर त्यहाँ बजेछ गा' छ । त्यो कलेजको रूपमा, हस्पिटलको रूपमा विकसित हुने हो । त्यसमा दुई मत छैन । त्यसलाई पनि हामी सम्बोधन गर्छु नै जस्तो लाग्छ ।

र कृषिमा पनि हामीले यो अब चैं धेरै दुरुपयोग भो' कृषिमा । अब जो कृषि नै गर्दैन उसले अनुदान लिएर अनि त्यसपछि कागजमा मात्रै देखाएर खाने, त्यसकारण उत्पादनमै अब हामी दिने । जसले उत्पादन गरेर देखाउँछ उसलाई चैं अनुदान गरेर दिने । र नयाँ नयाँ इनोभेसन गरेर, नयाँ नयाँ प्रविधि प्रयोग गरेर चैं जसले केही न केही गरिसक्या छ, अझ एक्पान्सन गर्ने । बढाउनलाई अलि दिऊँ न । जसले केही गर्ने इन्टेन्सन पनि छैन, गर्नेवाला पनि छैन, त्यस्तालाई किन दिने? त्यसकारण त्यो किसिमको यो कृषिमा पनि हामीले प्रावधान राख्या छौं ।

त्यसकारण मैले चैं मोटामोटी यहाँहरूले उठाउनुभएको विषयवस्तुलाई मैले सम्बोधन गरें जस्तो लाग्या छ । चाहे यो राजस्वको विषयमा होस्, एलोकेसनको विषयमा होस्, ग्रोथ रेटको विषयमा होस्, अन्य विषयमा होस् र युवाहरूको विदेशबाट फर्किने युवाहरूलाई के गर्दै हुनुहुन्छ? हामीले धेरै कार्यक्रमहरू चैं प्रस्तावित गर्या छौं । अब हामीले अझ हाम्रा कार्यक्रमहरूलाई अझ लक्षित, अझ ठोस बनाउनको लागि समय भएन भनेर मैले अहिले पनि स्वीकार गरें । अब हामी चैं डे वानबाट योभन्दा अर्को वर्षको बजेट तयारी गर्दा यो एकदमै चुस्त दुरुस्त भएर पूरै पुनर्संरचना गरेर आउन सक्दछ । त्यस किसिमबाट चैं हामीले काम गरौं । यहाँहरू जुन जिज्ञासा राख्नुभा' छ, समर्थन गर्नुभा' छ, समालोचना गर्नुभा' छ, आलोचना गर्नुभा' छ, फेरि पनि यहाँहरू सबैलाई म धन्यवाद दिन चाहन्छु । यहाँहरूको सुझाव, सल्लाहले अझ मेरो दिमाग फराकिलो भा'को छ । र अझै आउने दिनमा हाम्रो संरचनालाई वैज्ञानिक बनाएर, व्यवस्थित बनाएर प्रभावकारी ढङ्गबाट यो खर्च गर्ने र राजस्व पनि त्यही किसिमबाट उठाउने र अर्थतन्त्रलाई पनि गति दिने काममा यहाँहरूको सुझाव, सल्लाहलाई नै मध्यनजर राखेर म काम गर्ने छु । र अरू किसिमको मैले बजेट विनियोजन गर्दा सम्बन्धित मन्त्रालयबाट जे प्रस्तावित भएर आको छ काहीं छुट्या छ, त्यस्तो विशेष रूपमा चैं अनुरोध आयो भने उहाँहरूलाई नै भनेर यस्तो आको छ भनेर मैले भन्या छु । त्योभन्दा बाहेक मैले अनुचित रूपमा प्रभाव पार्ने कुनै पनि काम गर्या छैन । त्यो पनि म यहाँहरूलाई विश्वास दिलाउँदै अहिलेलाई बिदा हुन्छु । धन्यवाद ।

(१३:५७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(१३:५८ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- यो मैले उठाएको एक दुइओटा योजना भन्दै पर्ने भयो । विशेष गरी यो ससर्त फेरि अर्थमन्त्रीज्यूले जसरी जवाफ दिनुपर्थ्यो । जसरी बुझ्नुपर्थ्यो । त्यो त्यति बुझ्नुभएन । जवाफ पनि दिनुभएन भन्ने मेरो अनुमान हो । जस्तो म यो लुम्बिनि प्रदेशमा खानेपानी मन्त्रालय लाइन मिनिस्ट्रिको एक हजारको यहाँबाट ग'को । यो, यो, को विनियोजन विधेयकमा आउँदैन सम्माननीयज्यू । यो प्रदेशको विनियोजन विधेयकमा आउछ के । त्यहाँको प्रदेशको असार १ गते बजेट गरिसकेपछि त्यहाँको प्रदेशका विषयगत मन्त्रालयले किताब छापिसकेपछि आउने कुरा हो । तर उनीहरूलाई एकदम यस्तो अन्योलता छ । जस्तै उदहारणमा म भन्छु । पत्थरकला गाउँ खानेपानी आयोजना सुस्ता नवलपरासी पश्चिम त्यो प्रोजेक्टको नाममा एक हजार रुपैयाँ । भुतिया खोला तल्लो जिरुवासी खानेपानी आयोजना छत्रदेव गा.वि.स. गाउँपालिका त्यसको बजेट एक हजार रुपैयाँ । एक हजार रुपैयाँका योजनाहरू तपाईंहरूले प्रदेशहरूमा पठाउनुभा'छ के सम्माननीय अध्यक्षज्यू, मैले अर्थमन्त्रीज्यूलाई भन्न खोजेको यो चाहिँ के हो भने यो लाइन मिनिष्ट्रीको गरेको मलाई अर्थमन्त्रीज्यूको यो इमान्दारितामा मलाई कुनै शंका छैन । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:५९ बजे) **मानननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूको जवाफमा चित्त बुझाउन सकिएन । उहाँले प्रस्तुत गर्नुभा'को यही किताबमा छ । जिल्ला निर्वाचन कार्यालय खारेजी गरी जिल्ला प्रशासनको मातहतमा इकाई राख्ने भन्ने कुरा छ । र उहाँको जवाफ यो संवैधानिक आयोगअन्तर्गतको कार्य हो यसको कार्यक्षेत्र अथाह यसमा प्रष्ट जवाफ चाहन्छु ।

त्यस्तै गरेर नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष नकारात्मक असर पुऱ्याउने सुर्तीजन्य, मदिराजन्य वस्तुमा कर किन बढाइएन? साथै सुर्तीजन्य वस्तुबाट उठेको राजस्व किन नागरिकको स्वास्थ्य, सुधार र निदान र उपचारमा छुट्याइँदैन? नागरिकको जीवनसँग नयाँ नयाँ चुनौतीहरू स्वास्थ्यमा आइरहेको छ ।

साथै शिक्षा मन्त्रालय र अर्थमन्त्रालय बिच समन्वय देखिएन । सरकारको नीति कार्यक्रममा एउटा कुरा आ'छ । एक सय सत्ताइस नम्बर बुँदामा । तर विद्यालयका कर्मचारी, शिशु कक्षाहरूको चाहिँ शिक्षकहरूको समस्या आन्दोलनमा छ । यो बारेमा पनि बजेटमा सम्बोधन भा'को छैन । म स्पष्ट जवाफ माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने ।

(१४:०० बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय अर्थमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । बुँदा नम्बर २७ मा वैज्ञानिक आधारमा जमिनलाई खेतीयोग्य र अन्य प्रयोजनको लागि वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ भनिएको छ । एकातिर खेतीयोग्य जमिनको संरक्षण गर्ने कुरा गरिएको छ भने अर्कोतिर बुँदा नम्बर २८ मा जग्गाको कित्ताकाट फुकुवा गर्ने कुरा लेखिएको छ । भूमिको वर्गीकरण नासिध्याइकन कित्ताकाट खोलेर कृषियोग्य भूमिको संरक्षण हुन सक्छ? म यो प्रश्न गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

(१४:०१ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्ष्यूमार्फत म अर्थमन्त्रीज्यूको ध्यानाआकर्षण गराउन चाहन्छु । आर्थिक सङ्कटको बेला संसद विकास कोष आवश्यक छैन भनी सिङ्गो राष्ट्रिय सभामा प्रधानमन्त्रीज्यूलाई समयमै ध्यानाकर्षण गरायौं । प्रधानमन्त्रीज्यूबाट आउँदैन भन्ने प्रतिबद्धता पनि आयो । तर प्रतिबद्धताअनुसारको कार्य मिलेन । हाम्रो गम्भीर आपत्ति छ । कार्यविधि कस्तो बन्छ? ..... हो? संविधानले दिँदै नदिएको सांसदहरू बिच विभेद हुने कार्य, कार्यविधि भयो भने हामीलाई अमान्य हुन्छ । समयमै ध्यानाआकषर्ण गराउँछु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोमा देवी तिमल्सिना ।

(१४:०१ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलाई म ध्यान आकर्षण गराउन चाहन्छु । उद्योग कपास निगम खारेज गरीएको छ । अब हेटौंडा कपडा उद्योग, बुटवल धागोलगायतका उद्योगहरू सञ्चालन गर्ने भनेर भनिएको छ । यो आफैंमा हामी एउटा कपासलाई खेति गरेर डाँडा पाखा हरियाली बनाएर कपासलाई सेतै फुलाउ र त्यसलाई संयोजन गरौं भनेर धेरै चोटी कपासको बारेमा पनि कुरा उठेको छ । अब कपडा उद्योग चलाउने, कपासलाई चाहिँ बन्द

गराउने हो भने यो कसरी चल्न सक्छ? यो चाहिँ आफैंमा नमिलेको कुरा हो कि जस्तो लाग्यो मलाई । उहाँको ध्यान आकर्षण गराउछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई ।

(१४:०३ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, दबाबमा बनेको बजेटले अर्थशास्त्रको नियमन पालन गर्न सक्छ? र आर्थिक नियमलाई यसले पालना गर्न सक्दैन भनेपछि अर्थशास्त्रीय ज्ञान र इमानको उल्लङ्घन भयो भन्न लाग्छ । म यही सन्दर्भमा थप कुरा के पनि भन्न चाहन्छु भन्दा सहरी विकास मन्त्रालयलाई २९ अर्ब रुपियाँ अहिले चालु भन्दा बढी दिइयो । तर सरकारले प्राथमिकरण गरेको अरू मन्त्रालयहरूलाई चाहिँ आवश्यकभन्दा कम वा समान बजेट विनियोजन गरिएको छ । भनेपछि प्राथमिकरण गरेको र विनियोजन गरेको कुरा चाहिँ फरक परेन? यसले ठिक ठाउँमा पुग्छ? अर्थशास्त्रको ज्ञानीहरू संसद भित्र हुँदाहुँदै अर्थमन्त्रीज्यूले अर्थको त्यो करहरू बढाउने बेलामा चाहिँ किन त्यो करारको कर्मचारी हायर गर्नुपरेको स्पष्ट ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय मृगेन्द्र कुमार सिंह यादव ।

(१४:०४ बजे) **माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, म अर्थमन्त्रीजीले मधेश प्रदेशमा विभिन्न आयोजनाहरूको भनेर चाहिँ बजेट बढी नै थ्यो भन्नुभो' त्यो जनसङ्ख्या पनि बढी छ । त्यसमा पनि ध्यान दिनुपर्थ्यो ।

र अर्को कुरा, यो राष्ट्रिय दुग्ध विकास बोर्ड । यो पशुपालक गरिब किसानसँग र दुध सङ्कलन गर्ने सहकारीहरूसँग र ठूला मझौला डेरी उद्योग, उपभोक्ता र सरकार बिचमा समन्वयकारी भूमिका निर्वाह गर्दछ । त्यसैले त्यसमा पनि पुनर्विचार गर्ने हो कि?

र मदरसा बोर्डको सम्बन्धमा पटक पटक कुरा उठ्छ तर कहिले पनि पूरा भएन मखरसा बोर्डको सम्बन्धमा । अरू कित्ताकाट नखोल्दाखेरि गरिब किसानहरूले आफ्नो छोरीको विवाह गर्दा, यता गर्दा छ भने ती समस्याहरू अफ्ठ्यारो परिरहेको छ । त्यो कित्ताकाट अति शीघ्र खोल्नुपर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन वहादुर सुनार ।

(१४:०५ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत अर्थमन्त्रीको ध्यान आकर्षण गर्न चाहन्छु । यो अनुमानित बजेट पुस्तक पढ्दै जाँदा मलाई त लाग्थ्यो, सबै बजेटका बुँदाहरू चाहिँ यो देशका विपन्न गरिब, दलित लक्षित छ क्यारे । तिनैको लागि मात्र आएको हो कि जस्तो भान पर्दै थियो मलाई । तर पढ्दै जाँदाखेरिमा त्यसको अन्तर वस्तुमा संविधानको धारा २४ छुटेछ । संविधानको धारा २४ त्यो समुदायको महत्त्वपूर्ण बुँदा चाहिँ थियो । त्यसले नेपालमा जाति प्रथाको अन्त्य गर्ने महत्त्वपूर्ण बुँदा चाहिँ छुटेछ । त्यसले गर्दा चाहिँ यो बुँदा चाहिँ अन्जानमा छुट्यो कि? जान जानमा छुट्यो? मैले यही ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल कुमार बस्नेत ।

(१४:०६ बजे) **माननीय श्री गोपाल कुमार बस्नेत (नेपाली काँग्रेस)**:- ..... कृषि दिएको अनुदान सहयोग सम्बन्धित समूहमा पुगेन, पुगेको छैन । र यो संरचनामार्फत पुग्दा पनि पुग्दैन । त्यसैले प्रत्येक गाउँ/नगरपालिकाअन्तर्गत प्रत्येक वार्डमा गाउँ कृषि केन्द्र, सेवाकेन्द्र खोलौं । र त्यसबाट मात्र सम्बन्धित निकायमा सम्बन्धित व्यक्तिलाई सम्बन्धित समूहलाई सम्बन्धित ठाउँमा यो सेवा पुग्न सक्छ । त्यसकारण यथाशीघ्र कृषि सेवाकेन्द्र सम्पूर्ण वार्डमा खोलियोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुरेश कुमार आलेमगर ।

(१४:०६ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म के कुरा भन्न चाहन्छु भने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सम्पूर्ण आदिवासी जनजातिहरूको सङ्घर्षको फलस्वरूप स्थापना भएको एउटा संस्था हो । हुन त त्यो खारेज हुने, गाभिने सङ्घ, संस्थाहरूको सूचीमा त्यो छैन । तर हल्ला व्यापक रूपमा के चलेको छ भने त्यो संस्था खारेज हुँदैछ । यदि त्यस्तो हो

भने ठुलो दुर्भाग्य हुन्छ । त्यसका विरोधमा आदिवासी जनजातिहरूले सङ्घर्ष गर्ने छ । त्यो खारेज नगरियोस् । एउटा कुरा ।

अर्को चाहिँ जलवायु परिवर्तन Climate Change विश्वमा एउटा समस्याको रूपमा रहेको यो समस्याको बारेमा बजेटमा केही कुरा उल्लेख छैन । त्यसमा पनि केही आओस् । र अर्को चाहिँ के छ भन्दाखेरि इमान्दारी । अब हामीले यो बजेट पास गरिसकेपछि कर्मचारीको हातमा जान्छ । कर्मचारीतन्त्र यहाँ कस्तो छ भन्ने कुरा जगजाहेर छ । त्यसैले इमान्दारिपूर्वक त्यो बजेटलाई कार्यान्वयन गर्नमा सबै पक्षबाट विशेष गरेर स्थायी सरकारको पक्षबाट इमान्दारीता प्रर्दशन होस् भनेर भन्न चाहन्छु । त्यसतर्फ माननीय मन्त्रीज्यूले पनि सचेतापूर्वक ध्यान दिनुहोस् भनेर अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सोनाम गेल्जेन शेर्पा ।

(१४:०८ बजे) **<u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म अर्थमन्त्रीज्यूलाई मेरो Question अर्थमन्त्रीज्यूले अघि उत्तर दिने क्रममा भन्नभो' पहिलाको ले धेरै लग्यो तथ्याङ्क छुँदै छ मैले पनि लगे जस्तो आशाय व्यक्त गर्नुभो' । यो प्रक्रिया नेपालमा कहिलेसम्म चल्छ? हामी त अलिकति सुधार खोज्नुपर्ने? अलिकति प्रतिक्रियागत रूपमा जानुपर्ने? र पहिलाको ले लग्यो मैले पनि लगेँ जस्तो गरेर उत्तर दिन थाल्नुभो' भने त, यो अहिलेसम्म चल्ने हो? यसको जवाफ पाऊँ भनेर म भन्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपाल भट्टराई ।

(१४:०८ बजे) **<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, खास गरेर जिल्लाको निर्वाचन कार्यालयहरूको खारेजी नै भन्छु म त । लगेर चाहिँ जिल्ला कार्यालयमा सिडियोको अफिसमा राख्ने भनेर भनिया छ । सबै सिडियो अफिसको संरचना त्यस्तो व्यवस्थित छैन । खास गरेर अहिले चाहिँ निर्वाचनसम्बन्धी कामहरू दिनानुदिनदैनिक हुन्छन् । अब त्यसलाई चाहिँ त्यसो गर्दाखेरि भोलि चाहिँ राज्य संयन्त्रमा जो छ, उसको प्रभाव पर्न सक्ने सम्भावना छ । त्यसो भए त्यो हटाउनु हुँदैन ।

अर्को यो आलु, प्याजमा लगाइएको भ्याट यहाँ उत्पादन बढाउन हो भनिया छ । यहाँको उत्पादन नबढाइकन त्यो भ्याट लगाएर जनताले त्यसको फाइदा लिन सक्छन्? यहाँ त पहिला उत्पादन बढाउने योजना आउनुपर्‍यो । ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुलसा कुमारी दाहाल ।

**(१४:०९ बजे)** **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माइक) सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फ म अर्थमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । हाम्रो नीति कार्यक्रमको चाहिँ बुँदा नम्बर १२७ हाम्रो स्कुल राम्रो स्कुल भन्ने नारा राम्रो छ । यो ल्याउनुभएको छ । र बजेटमा चाहिँ त्यस्तो देखिँदैन । र अहिले गतवर्ष पनि यो बालविकास केन्द्र र सामुदायिक स्कुलमा काम गर्ने कर्मचारीहरूको लागि भनेर सङ्घले चाहिँ आठ हजार चाहिँ यहाँबाट दिने र बाँकी चाहिँ स्थानीय तहले थप्ने कुरा थियो । त्यो लागु भएन । त्यसको छानविन पनि भएन । र

६२ हजार लेखापालहरू छन् । ३० हजार चाहिँ विद्यालयका सहयोगी कर्मचारीहरू छन् । ३६ हजार चाहिँ शिशु कक्षा बालविकास केन्द्रका शिक्षिकाहरू छन् । उनीहरू आन्दोलनमा छन् । शिक्षा मन्त्रालयले सहमति गर्छ । अर्थमन्त्रालयले चाहिँ कार्यान्वयन गर्दैन यो के हो? बुझ्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जितेन्द्र नारायण देव ।

**(१४:१० बजे)** **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, हामी कृषि उत्पादन बढाउने भन्छौं । समयमा किसानहरूलाई मल खाद्य उपलब्ध गराउन सकिराखेका छैनौं । जति चाहिन्छ त्यति दिन सकिराखेको छैनौं । यो स्थितिमा हाम्रा किसान दाजुभाईहरूले आफ्नै पहलमा सीमा पारिबाट केही मल खाद्य ल्याउनुहुन्छ भने हामी, हाम्रा नेपाली सीमा रक्षकहरू उनीहरूमाथि गोली चलाउने, लाठी चलाउने किन गर्नुपर्‍यो?

भारतीय छोकडा, सुपारी इन्डोनेसिया, मलेसियाबाट चोर बाटो भएर नेपाल ल्याउने । भारु मात्रै तिरेर डलर तिर्न नपरोस् भनेर भारु मात्रै तिरेर र ..... नेपाल प्रवेश दिने । त्यसमा चाहिँ भारत सरकार चुप लागेर बस्ने । अनि हामी आफ्नै किसानलाई हामीले गोली मार्ने?

उनीहरूले रोक्छ भने रोक्छ । हामीले किन रोकिराख्या छौं? यसको पछाडीको Equipment, कम्पोनेन्ट के हो? किन हामी रोकिरा? हामी किन आँखा किन चिम्लिन सक्दौनौं? त्यसको लागि ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त।

(१४:११ बजे) **<u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो पूँजीगत खर्च खर्च हुन सकेन भनेर भन्छौं हामी । यसमा चाहिँ सार्वजनिक खरिद ऐन दोषी छ भनेर भन्छौं । यसको सम्बन्धमा माननीय मन्त्रीज्यूको observation के हो? म जान्न चाहन्छु ।

महिला विकास कार्यालयहरू खारेज भए ७७ ओटै जिल्लाको । अहिले विभाग पनि खारेज भयो । आधा आकाश र आधा धर्तीको कुरा गर्छौं । संरचनागत विकास जति सबै समाप्त गर्छौं । यसको आशय पनि अर्थमन्त्रीज्यूको के हो जान्न चाहन्छु ।

र यो चुरे, चुरे र यो अन्नको भण्डार र जलको भण्डार मधेशको, तराईको यसलाई चुरेलाई पनि समाप्त हुने ढङ्गले आएका छौं कि हामी? यो गिट्टी, बालुवालाई संरक्षण नगरेपछि । र यो मापदण्ड के, कुन मापदण्डको आधारमा हामी निकासी पैठारी गर्ने प्रयत्न गरेका छौं? आश्य प्रकट गरेका छौं? म यो पनि जान्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कुमार दसौदी ।

(१४:१२ बजे) **<u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म अर्थमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । अघि उहाँले अर्थमन्त्रीजीले बोल्दाखेरि यो सहायक मार्गहरूलाई प्राथमिकताका साथ राखिएको छ भनेर चाहिँ भन्नुभो' तर लुम्बिनीको रोल्पा, रुकुम, रुकुम जिल्लाको पुथा उत्तर गंगादेखि रोल्पा थबाङ हुँदै लुम्बिनि प्रदेशको सदरमुकाम आउने भालुवाङसम्म आउने बाटो, एक खण्ड पनि बाह्रै महिना चल्ने एक खण्ड जति लगभग होला । बाँकी खण्ड पुरै चाहिँ बन्द हुन्छ बर्खामा पनि प्रदेशको काम कसरी लिने? यो सडक चाहिँ किन प्राथमिकतामा परेन? म जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१४:१३ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, म अध्यक्षज्यूमार्फत म अर्थमन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु । दुइटा प्रश्न एउटा स्वास्थ्यसँग सम्बन्धी छ । एउटा चाहिँ शिक्षासँग सम्बन्धित छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गत विगत यो ६ वर्षदेखि नै कम बजेट चाहिँ ४ पोइन्ट ८ प्रतिशतले हुन आउने करिब ८ अर्ब रुपैयाँ चाहिँ विनियोजन भएको छ । पूर्ववर्ती सरकार केपी ओली नेतृत्वको सरकारले चाहिँ करिब ३९६ ओटा आधारभूत तहको स्वास्थ्य सेवा दिने भवनहरू, अस्पतालहरू बनाउने उद्देश्यले ठेक्कापट्टा लगा'को चाहिँ थियो । त्यसको भुक्तानी दिनुपर्ने करिब १० अर्ब चाहिँ छ । यसरी ८ अर्ब चाहिँ हामी आगामी वर्ष विनियोजित गर्छौं । १० अर्ब रुपैयाँ चाहिँ विगतको भुक्तानी दिनुपर्ने रकम चाहिँ यसलाई कसरी मिलाउनुहुन्छ? यसमा प्रष्ट हुन चाहन्छु ।

अर्को Question चाहिँ म राख्न चाहन्छु । यो बजेटको बुँदा नम्बर २१६ मा चाहिँ नेपाल विश्वविद्यालयसम्बन्धी कानुन, प्रक्रियाअगाडि बढाउने छ भनेर कार्यक्रम यो कार्यक्रम बजेटमा चाहिँ आ'को चाहिँ छ । जब कि नेपाल विश्वविद्यालय विधेयक सदनमा पेस भएर छलफल चाहिँ भइरहेको छ । त्यो चाहिँ विधायन ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल ।

(१४:१४ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, राजस्वको अवस्था र राजस्व उठाउन नसकेको अनि पूँजीगत खर्च गर्न नसकेको जस्ता विवसता त अर्थमन्त्रीज्यूले आफैले निरिहता देखाइसक्नुभा'को छ यसमा । त्यही भएर यसले हामीलाई थप प्रोत्साहित गरेको छैन । अझ निरुत्साहित गरेको छ अहिलेको अवस्थाले । उहाँले हामीले जसरी चाहिँ विजुली गाडी, विद्युतीय गाडीमा कर लगाउँदाखेरि गलत भयो भनेर भनि राखेका छौं । उहाँले सबैलाई व्यापारी देख्नुभा' छ । हामी व्यापारी होइन । साधारण कुरा के हो भनेदेखि स्वास्थ्यको हिसाबले धेरै खर्च भइराखेको छ । पोलुसनको कारणले वातावरण बिग्रिराखेको छ । व्यापार घाटा चुलिरहेको छ । डिजेल र पेट्रोललाई विस्थापित गर्नै पर्छ । र त्यो गर्नको लागि विद्युतीय सवारी साधनमा सकेसम्म सार्वजनिक सवारी साधनमा ट्याक्स नै

नलगाउने, सस्ता गाडीमा अलिकति ट्याक्स लगाउने र महङ्गोमा अलि बढी लगाउने न्यायोचित हुन्छ । तर त्यो भनेर उहाँले जस्ट उल्टो गर्नुभा'को छ । महङ्गो गाडीलाई सस्तो कर लगाउनुभा' छ । सस्तो गाडीलाई महङ्गो कर ..... (समय सकिएको) ।

(१४:१५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्ने समय उपलब्ध गराउँछु ।

(१४:१६ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- अध्यक्ष महोदय, म माननीय विमलाजीको बाटै गर्छु । हेर्नुस् यो अहिले जुन ट्याक्स विद्युतीय गाडीमा ट्याक्सको rationalize गर्या छ । त्यसले विद्युतीय साधन छोडेर केही पनि यो पेट्रोलियममा आधारित गाडीहरू चढ्न जाँदैनन् । दुइटै उद्देश्य प्राप्त हुने गरेर यो ट्याक्सको व्यवस्था हामीले गर्या छौं । राजस्व पनि सारै न्यून नहुने र विद्युतीय गाडीको प्रोमोसन पनि नघट्ने बरु हामीले जुन ठुलो मार्जिन लिएर बस्या छौं । त्यो घटाउनेतर्फ चाहिँ हामीले हामी सबैको ध्यान । राज्यको समेत फेरि चाहिँ राज्यसमेत ध्यान जानुपर्छ भन्ने मलाई लाग्या छ राजस्व उठाउन सक्नुभएन निरिहता प्रदर्शन गर्नुभो' अब के गर्नुहुन्छ? भन्नुभा' छ । मैले परिस्थिति कुन परिस्थितिमा यो स्थिति आयो मैले त्यो व्याख्या गरिसकेपछि माननीयज्यूलाई मैले थप प्रष्ट पारिरहनु पर्दैन । जो सुकै अर्थमन्त्री भा'को भए पनि जो सुकै जुन सुकै पार्टीको नेतृत्व भ'को भए पनि अहिलेसम्मको स्थिति यही छ र यही हुनेवाला छ । अब के गर्न सकिन्छ भन्ने कुरामा सोची विचारी गरेर हामीले ट्याक्सका दर त्यही किसिमबाट तय गर्या छौं । भ्याटको आधारलाई विस्तार गर्या छौं । जसले निश्चित समूहले मात्रै फाइदा लिने या नलिने । प्रवृत्तिलाई पूरै नजरअन्दाज गरेर चाहिँ हामीले जुन तय गर्या छौं । यसले राजस्व बढ्छ भन्ने हाम्रो ठहर छ ।

अब यो मलखादको कुरा आ'को छ । अवश्य पनि मलखाद अत्यन्त हाम्रो चासो र चिन्ताको विषय हो । हामीसँग उत्पादन छैन र जहाँबाट हामीले ल्याउनुपर्छ । त्यहाँ पनि उहाँहरूको पनि आफ्नै समस्या छ । त्यहाँ पनि धेरै ठुलो चुनौतीपूर्ण स्थिति छ तर सरकारले यसलाई एकदम प्राथमिकतामा राख्या छ । त्यही किसिमबाट बजेट पनि विनियोजन पनि भा'को छ र यो मल कारखाना नै लगाउनेबारेमा पनि पहिला कुरा मात्रै उठ्थ्यो । अब चाहिँ यसलाई गम्भीर पहलका साथ अगाडि बढाउने एउटा रोड म्याप हामीले तय गर्या छौं यही हिसाबले त हुँदैन । केही समय लाग्छ त्यसको लागि त्यतिन्जेल त फेरि हामी किनेर नै व्यवस्था गर्नुपर्छ ।

त्यसमा सरकार गम्भीरताका साथ लाग्छ । जहाँसम्म सीमाबाट कहीं नपाएपछि त अलिकति गएर ल्याए भन्ने कुरा छ । यसमा खास गरेर कतिपय चाहिँ त्यो मलको नाउमा नक्कली उ हुने र ठगिने प्रवृत्ति नहोस् भन्नेतर्फ मात्रै सरकार चाहिँ विशेष गरेर चनाखो छ । अवश्य पनि केही उपाय नभएपछि त नागरिकहरू जहाँ पनि पुग्नुपर्यो उत्पादनको लागि त्यो समस्या त छँदै छ । यसलाई हामी गम्भीरताका साथ लिन्छौं ।

अब अर्को माननीयज्यूहरू, पन्थजीले हो क्यारे यो सार्वजनिक खरिद ऐनको बारेमा मेरो दृष्टिकोण सोध्नुभा' छ । यो सार्वजनिक खरिद ऐनले चाहिँ धेरै समस्या पार्या छ । यो चाहिँ धेरै पुरानो अप्सोलेट रैछ । त्यसले हाम्रो चाहिँ निर्माण प्रक्रियादेखि पुँजीगत खर्चदेखि लिएर हरेक सेक्टरमा चाहिँ समस्या आ'को छ । त्यही कारणले अब त्यो नकिनेर बसिराख्या अवस्था पनि छ । खर्च भएर पनि बजेट भएर पनि त्यतिकै राखिरा' अवस्था पनि छ । यसलाई चाँडोभन्दा चाँडो नयाँ किसिमबाट यो संसदले पास गर्नुपर्छ । सरकारले अगाडि बढाउनुपर्छ, त्यसको तयारी भैराख्या छ भन्ने मलाई लाग्छ ।

अब यो महिला विभागको कुरा गर्नुभो' यसमा अहिले चाहिँ प्रदेश तहमै यस्ता संरचनाहरू चाहिँ गैसक्या छ । त्यसो हुनाले राख्नको लागि राख्ने होइन कि त्यसको फङ्क्सनल हुनपर्यो फङ्क्सनल नभइसकेपछि वहाँहरूकै सहमति वहाँहरूले नै सल्लाह लिएर अब यो तलबाटै हुन्छ भन्या? हुनाले त्यही किसिमबाट यसलाई गरिनुपर्छ ।

अब चुरेका सम्बन्धमा हामीले कहीं कसले भन्या छ चुरे दोहन गर्ने? हामी कोही चाहँदैनौं । चुरे संरक्षणको लागि यत्रो बजेट हामीले खर्च गरिराख्या छौं । चुरे दोहन कसले गर्ने भन्या छ? बजेटमा त्यस्तो प्रस्ताव आ' छ र? छैन । त्यसलाई चाहिँ हरेक कुरालाई चाहिँ शङ्काको कोणबाट हेर्नुभएन तर हाम्रो आर्थिक हरेक देशको आआफ्नो आर्थिक स्रोत हुन्छ प्राकृतिक स्रोत हुन्छ । अस्ट्रेलियामा विशाल विशाल खाडलहरू त्यहाँबाट कोइला निकालिन्छ । विदेश त्यो त खन्नै नहुने । खनेर त बरबादै भो किन कोइला निकाल्या भन्ने? त्यसकारण हाम्रो चाहिँ प्राकृतिक स्रोत ठुला ठुला पहाड छ । चट्टानहरू छ । भनेदेखि त्यसलाई छुनै नहुने जे स्रोत छ छुँदै नछुने । अनि नभा' खोज्दै हिँड्ने त्यसकारण स्रोतलाई हामीले छुनै हुन्न भन्ने मानसिकता पनि नराखौं । तर वातावरणलाई चाहिँ संरक्षित गरेर कहाँ गर्न मिल्छ, कहाँ गर्न मिल्दैन । त्यसको पहिचान गरेर पहिचान गरेर गर्ने यहाँ गर्ने भन्या पनि छैन । यसको सम्भाव्यता खोजौं । भुटानले भुटान यो मामलामा यो वातावरणदेखि लिएर धेरै कन्सियोस छ र भुटानले अहिले हजारौं ट्रक चाहिँ वहाँ बङ्गलादेश जान्छ । त्यसबाट आम्दानी गरिराख्या छ । त्यसकारण कहाँ चाहिँ गर्दा उपयुक्त हुन्छ भन्ने कुरामा गम्भीर भएर छलफल गरौन बरु । कहाँ

ठिक छ कहाँ ठिक छैन । यहाँ नै गर्न कसले भन्या छ? चुरेकै जो चाहिँ त्यो सञ्चालन गरिरा' छन् । त्यहाँकै प्रतिवेदनमा अहिले चाहिँ हवाइ जहाजबाट हेर्यो भने यसरी चाहिँ फैलिया देखिन्छ नि । त्यो चुरेबाट झरेको हो । ढुङ्गा त्योमाथि थुप्रिँदा थुप्रिँदा त्यो झन् फैलिँदै पानी त त्यो वर्खामा आउँदा यसरी फैलेर त्यो चाहिँ फैलावाट बढिरा' छ भन्ने पनि कुरा आ' छ नि । त्यसकारण जे चाहिँ जसले गर्दा वातावरण पनि सुरक्षित हुने तराई मधेसको जुन हाम्रो उर्बरा शक्ति छ त्यहाँ त कृषिको सम्भावना छ । अरूको सम्भावना छ त्यो पनि सुरक्षित हुने । त्यहाँ पनि कुनै सम्भावना छ हेरौँ । त्यहीँ गर्ने कसैले भनेकै छैन । सम्भावना हेरौँ र सम्भावना छ भने गरौँ भन्दा यसलाई नेगेटिभ कोणबाट लिनुपर्ने आवश्यकता छैन भन्ने मलाई लाग्छ ।

यो गाँजा खेतीको बारेमा पनि मैले चाहिँ सम्भावना कुरा चाहिँ गर्या हो । र जुन देशले हामीलाई चाहिँ हिजोको दिनमा इम्पोज गर्यो के तिमीहरूले यो चाहिँ नत्र हामी सहायतै दिन्नौँ । त्यो चाहिँ कानुन ल्याएर रोक । हाम्रो त एउटा परम्परा नै गाउँ गाउँमा अलिकति त्यो चार जना चाहिँ वरिपरि बसेर चिलिम तान्ने त्यो परम्परै हो त्यो त सामान्य त्यो त होइन? हाम्रो त यो त त्यो उसमै संस्कृति उदेखि नै चलिआ'को कुरा र अरूले यस्तो भन्यो भनेर अब अलि अलि दिने सहायता पनि रोक देला भनेर हामीले कानुनै बनाएर रोक्यौँ । अब उनीहरूले जम्मै खोलेर मेडिसिनल पर्पोजको लागि रिक्रिसनको लागि भनेर चाहिँ ठुलो बिजनेस गरिरा' छ । अब आफैँले छोडिसक्यो । त्यसकारण हामी चाहिँ कुन बहसमा छौँ भने यो किन यो त उच्चारणै गर्नुहुन्न भन्ने बहसमा चाहिँ हामी परिरा' छौँ । त्यसकारण हामीले चाहिँ अलि rationally think गरौँ । कसरी उपयोग गर्ने यसको दुरुपयोग नहोस् भन्ने कुरामा त हामीले चाहिँ फेरि सेभगार्ड मेजर्स गर्नुपर्यो नि । त्यसको यसको सम्भावना हेरौँसमेत भनेर भन्या हो । यसको पनि एउटा आर्थिक सम्भावना बनाउन सक्छ भनेर चाहिँ मैले भन्या हो ।

यो सहायक मार्ग मैले प्राथमिकता भनेर भनेको के हो भने उत्तर, दक्षिण, पूर्व, पश्चिम त्यो सहायक मार्ग हैन मेन मेन artery नै हुन् । हाम्रो चारओटा त यो पूर्व, पश्चिम अब एउटा फोर लेनिङमा जाँदै छौँ पूर्व, पश्चिम राजमार्ग त्यसपछि हुलाकी राजमार्ग यता मदनभन्डारी राजमार्ग मध्यपहाडी राजमार्ग चारओटा छ । त्यसलाई पूरा कम्प्लिट गर्नु छ । त्यसलाई हामीले प्राथमिकता दिनैपर्यो । त्यसपछि उत्तर, दक्षिण करिडोरहरू छ । त्यसलाई प्राथमिकता दिनुपर्यो त्यसमा चाहिँ मेन मेन बजेट हाल्दाखेरि सहायक अरू राजमार्गहरूलाई हामीले कम बजेट बाँकी रह्यो भन्या हो के । त्यसले गर्दा थोथोरै पर्न गयो । अब हेर्दाखेरि यति थोरै राखेर के हुन्छ भनेर स्वाभाविकै हो । अब साधन स्रोत थोरै भएपछि अब भन्डारमा भएको जुन पकाउछौँ नि हामी अब केही कुना कापचासिता मात्रै पनि छेउछाउमा तानेर ऊ गर्नुपर्ने पनि कहिलेकहीँ

परिवेश आउँछ । त्यसले गर्दा हामीले चाहँदाचाहँदै पनि धेरै हाम्रो खास गरेर पहाडी, हिमाली क्षेत्रमा सडकको चाहिँ ठुलो समस्या छ । आवातजावातको ठुलो समस्या छ । हामीले सडक त पुऱ्यायौं त्यो बाह्रै महिना चल्ने खाले छैन । hazardous छन् । त्यो चाहिँ के छ भनेडिजाइन पनि त्यति छैन । हामी फेरि यति यो सडक भनेपछि यति ऊ छ कि हामी सडक सडक भनिरा' छौं । एकदमै थोरै डिस्टेन्समै यहीमाथि यताबाट लग्या छ । यताबाट लग्या छ । त्यसले चाहिँ ल्यान्डस्लाइडको ठुलो प्रकोप चाहिँ बढिराख्या छ । पानी चाहिँ त्यहाँ घुसेपछि माथल्लो सडकबाट तल्लो सडकमा चाहिँ त्यो झर्ने त्यस्तो छ अवस्था आइराख्या छ । त्यसकारण त्यसलाई पनि अब हामीले चाहिँ कलिकति कुन चाहिँ बढी जनताले उपयोग गर्ने सडक हो । कति चाहिँ गाडी दिनमा चल्छ । त्यो हेरेर प्राथमिकीकरण गर्ने बेला भो' ट्र्याक ठिक छ । सबै ठाउँमा पुग्यो तर अब हामीले कुनलाई चाहिँ साँच्चैकै त्यहाँ पक्का बनाएर लाने हो । अब सबै ठाउँ गर्न चाहिँ सकिन्न र त्यसको आवश्यकता पनि नहुन सक्छ । त्यसको भोलुम हेरेर । दिनमा एउटा गाडी चल्दैन । कुनै महिनौंमा पनि आउँदैन । कुनै चाहिँ अब यस्तै हामी कोही चाहिँ पुग्यो भने बाहिरबाट आ' मान्छे यहाँ के रैछ भनेर पुग्यो भने कोही कर्मचारीको नेतृत्वमा, राजनीति गर्ने अथवा कोही भिजिटर पुग्यो भने त्यही बेला मात्रै गाडी पुग्ने छ भने त्यसलाई त्यही लेभलको प्राथमिकता दिने कि नदिने? यसबारेमा पनि हामीले चाहिँ मैले अझ के प्रस्ताव गर्या छु भने एउटा सर्भे नै गरौं । अब हरेक जिल्लामा कुन चाहिँ सडकमा कति चाहिँ त्यो यातायात चल्ने सम्भावना छ । कति जनसङ्ख्यालाई त्यसले सर्भ गर्छ । यसको आधारमा यसलाई चाहिँ हामीले प्रायोरिटीमा राख्ने अरू प्रायोरिटिमा नराख्ने त्यो निष्कर्षमा हामी चाहिँ पुग्नुपर्छ भन्ने लाग्या छ । त्यस्तै यहाँ यो सडक त्यस्तै भालुबाङदेखि कहाँको त्यही सन्दर्भमा आ'को छ । हामीले हुने सक्नेसम्म राख्या छौं । अरू भोलिको दिनमा कहीं समायोजन गर्न सक्ने ठाउँ छ भने स्रोतले भयो भने त्यो पनि गर्दै जाउँला अब पहिलो उसमा चाहिँ रकमान्तर गर्न सकिन्न । त्यसमा कुनै ठाउँमा खर्च भएन भने त्यस्तो ठाउँमा जहाँ छुट्या छ । त्यसमा पनि गर्न सकिन्छ । त्यसरी पनि हामी सम्बोधन गरौंला ।

अब स्वास्थ्य केन्द्रहरू चाहिँ सारा देशै भरी लग्यौं । गाउँपालिका पिच्छे बनाउने भनेर स्कुलहरू पनि । अब हामीले भन्न चाहिँ सबै ठाउँ पन्ध्र बेडको शैयासहितको सबै ठाउँमा बनाउने भनेर स्ट्रकचर चाहिँ बनाउने क्रममा लग्यो । हामीले के बिर्सेउँ भनेदेखि त्यसको लागि त्यो भवन मात्र बनाएर पुग्दैन । त्यसको लागि त्यहाँ डाक्टर पनि चाहिन्छ, नर्सेस पनि चाहिन्छ । इक्युप्मेन्ट पनि चाहिन्छ । त्यसको प्रोभिजन कहाँ छ हामीसँग स्रोत साधन कसरी ल्याउन सकिन्छ नभनीकन हामी सबै ठाउँमा बनाउने भन्यौं बनाउनेभन्दा त राम्रो कुरा भो' तर

अहिले चाहिँ त्यसलाई कसरी इक्युप गर्ने । इभन त्यो बनाएको ठेक्का प्रक्रियामा लागिसक्या बिल्डिङलाई पनि कसरी पूरा गरेर त्यसलाई चाहिँ दायित्व पूरा गर्ने भन्ने समस्याहरू छ तर जो गैसक्या छ । यसलाई त हामी जसरी पनि पूरा गर्छौं अब चाहिँ हामीले के नीति ल्याछौं भने अब बढी जनसङ्ख्या जस्तोः गाउँपालिका, पालिकाहरूमा पनि जुन चाहिँ केन्द्र वरिपरि ठुलो जनसङ्ख्या एउटा पालिका अर्को पालिकाको पनि छ त्यो रिभर बेड जहाँ हाम्रो रिभर भ्यालीहरू छ नि । त्यसमा छ भने बढी जनसङ्ख्यालाई सर्भ गर्ने ठाउँ पहिला त्यसलाई इक्युप्ट गरौं । अनि विस्तारै क्रमशः इक्युप्ट गर्दै ला'ने अब स्रोत साधन थोरै आवश्यकता धेरै भएसी सिद्धान्त यही हो । सबभन्दा बढी प्राथमिकता सबभन्दा ज्यादा आवश्यकता पूर्ति गर्ने त्यो त हस्पिटल होस्, स्कुल होस् जुन सुकै होस् । त्यो सिद्धान्तलाई फलो गर्नुपर्यो । सबै ठाउँ सबै थोक एकै ताल गर्छु भनेर सुन्दा त राम्रो तर हामीसँग त्यो खाले साधन स्रोत छ कि छैनन् । त्यो हिसाबले हामी जानुपर्छ । त्यसरी चाहिँ जाने कुरा हो ।

त्यस्तैः अर्को माननीयज्यूले सुरेशजीले हो क्यारे । यो आदिवासी प्रतिष्ठान यो खारेज भा' छैन । खारेज हुने त्यसको सेन्सेटिभिटी कुरा त आ' थियो आएको छ आएको भए चाहिँ पहिचान चाहिन्छ र? हाम्रो शेरबहादुर देउवाजी हुनुहुन्थ्यो प्रधानमन्त्री वहाँ हुँदाखेरि यो चाहिँ आ'को थियो । त्यो बेला आयोगको व्यवस्था थिएन । यो जारी नै रहन्छ । त्यसकारण त्यो शङ्का नगरे हुन्छ । यो कर्मचारीतन्त्रको कुरा जलवायुको कुरा उहाँले उठाउनुभा' छ । जलवायुलाई हामीले महत्त्वपूर्णअनुसार ल्या' छौं र हामी सबै चाहे राजनीतिकर्मी हौं । चाहे कर्मचारीकर्मी हौं । हामीले जे जे जिम्मेवारीमा छौं । त्यो जिम्मेवारीलाई उच्च कर्तव्य निष्ठाका साथ हामी पालना गर्नुपर्छ । आफ्नो कामलाई जति हामीले महत्त्व दिन्छौं त्योभन्दा ज्यादा महत्त्व दिएर काम गर्नुपर्छ भन्नेतर्फ हामी जानैपर्छ ।

सोनामजीले हो क्यारे अब पहिला यस्तो भा' थियो । त्यस्तै गर्न खोज्नुभा' त होइन भनेर भन्नुभा' छ । त्यस्तो छैन । त्यस्तो होइन । निर्वाचन कार्यालय खारेजीको कुरा फेरि यहाँ उठ्यो । त्यहाँ त्यो अनुसूचीमा त्यहाँ चैं पूरै खारेजी शब्द पर्यो । त्यो खारेजी नै चैं होइन । त्यो कार्यालयलाई छुट्टै कार्यालयको रूपमा पाँचै वर्षसम्म त्यो आवश्यकता नहोला भन्ने मनसायले त्यो त्यहाँ राखौं । जुन बेला निर्वाचन हुन्छ, त्यो बेलामा त पूरै टिमै त्यहाँ पुगिहाल्छ । अब न्यायाधीशको नेतृत्वमा सारा सञ्चालन हुन्छ भन्ने आशयले त्यो गर्या हो तर चाहिँ निर्वाचन आयोगका साथीहरूले चैं यसको आवश्यकता छ भन्नुभा'को छ । अब हामी यही लोकतन्त्रको लागि, निर्वाचन प्रणालीको लागि यत्रो लड्या, हामी त्यसलाई चैं अन्डरमाइन गर्ने, त्यसलाई हटाउने, अधिकारै नदिने, त्यसलाई स्वतन्त्र रूपमा चल्ने नदिने भन्ने त त्यो कल्पनाभन्दा

बाहिरको कुरा मैले भनिसकें । अब त्यसलाई चैं अब उहाँहरूको आवश्यकताअनुसार जे गर्नुपर्छ, त्यसलाई हामी मिलाउँछौं भनिसक्या छ । त्यसमा माननीयज्यूहरूले चैं चिन्ता लिनुपर्दैन ।

अब यो भ्याटको विषयमा यो उत्पादन बढाउने योजना चाहियो । उत्पादन बढाउने धेरै तरिका हुन्छन् के । अब कतिपय तरिका चैं के हुन्छ भने सरकारले यो दिने, त्यो दिने, कसलाई दिने? कसरी दिने? समस्याहरू छन् नि । हामीले कतिपय अनुदान दिँदा दिँदै पनि त्यहाँ समस्याहरू छन् । यद्यपि, अनुदानको बाटो पनि हामीले तय गर्या छ । तर कर पनि एउटा महत्त्वपूर्ण बाटो हो क्या । कसलाई प्रोटेक्सन गर्ने? कसलाई निरुत्साहित गर्ने? आयातलाई निरुत्साहित गर्ने, आन्तरिक उत्पादनलाई चैं प्रोत्साहन गर्ने । त्यो कर पनि एउटा टुल हो के । त्यसकारण यो टुल पनि युज गर्न खोज्या हो । जस्तो हाम्रो चैं साफ्टा एग्रिमेन्ट जुन छ, त्यसमा चैं निश्चित त्योभन्दा कर लाउन पाइँदैन । ७ पर्सेन्टजति छ । त्यसले गर्दाखेरि हामीले यो अर्को उपायबाट अलिकति केही भए नि प्रोटेक्सन हुन्छ कि भनेर चैं यो गरेको हो ।

अब स्कुलको कुरा, यो कर्मचारीको कुरा पनि आको छ । माननीयज्यू कसले भन्नुभा' थियो? रावलजीले हो कि । यो कर्मचारीको कुरामा म पनि त्यतिकै, हामी सबै संवेदनशील छौं । अब उहाँहरूको पनि वृद्धि विकास होस् भन्ने हामी चाहन्छौं । तर अहिले स्रोतको यति ठुलो चैं चाप पर्यो कि त्यसले गर्दा अहिले तत्कालै हामीले सम्बोधन गर्न सकेनौं । तर यो सम्बोधन कहिले पनि नगर्ने भनेर बुझिदिनुभएन । यसलाई चैं हामी सम्बोधन गर्दै जान्छौं । स्रोत जुटाउँदै जान्छौं, सम्बोधन गर्दै जान्छौं भन्ने मलाई लाग्छ ।

अब त्यस्तै गरेर यो अर्थ ज्ञान उपयोग भएन जस्तो छ । दबाबमा सब गर्नुभएछ । तपाईंले त ज्ञानै प्रयोग गर्नुभएनछ भन्नुभा' छ । त्यस्तो ज्ञानै प्रयोग नगर्या होइन । तर हाम्रो सिस्टम जुन चैं जसरी हामी काम गर्दै आका छौं, हामी चेन्ज हुन चाहँदैनौं । अहिले आए नि । हामीले केही चैं संरचनाहरूलाई एकातिर यत्रो आएको रिपोर्ट कहाँ छ? त्यसको कार्यान्वयन हामी किन गर्दैनौं? भने हामी गरिरा' छ । अलिकति गर्न खोजेर यसो हुनेवित्तीकै अब त्यहाँ चैं त बसिरा' छन् । कसै न कसैले त हट्नुपर्छ भनेपछि कोही पनि त्यो हुन चाहँदैन । अनि उनीहरू के भन्छन् भने हामीले त भनेकै थियो खोइ त्यहाँ अर्थमन्त्रीले के गर्देछ भने पनि भो' । होइन? त्यसो हुनाले यो समस्याहरू छन् । त्यसो हुनाले पहिला नै मैले के भन्या थिएँ भने अस्ति नै हामी एक एकवटा ढुङ्गा पन्छ्याउँदै जाने हो भने एउटा चाइनिज पोभर्ट रैछ क्या । एकै ताल सबै चलाउँछु भन्यो भने त्यो चल्दैन । त्यसकारण पन्छ्याउँदै जाने हो । समस्या छन् । कसैको म दबाब भनेर, दबाब दियो भनेर मलाई कसैले दबाब दिया छैन । तर जुन खाले परिभेषमा हामी काम गरिरा' छौं एकै तालमा फाँड्दिन्छु, मलाई त्यस्तो लागिरा' छ । यो ज्ञानले

यसो भन्छ भनेर फाँड्न सकिँदैन । त्यो ज्ञानको पनि एकदम प्र्याक्टिकल उपयोग गर्नुपर्छ । त्यसरी चैं गर्ने राम्रो सुरुवात हामीले गर्या छौं ।

यो बजेटमा मन्त्रालयगत विभेद भो' कि भन्ने छ, त्यस्तो होइन । त्यसको आवश्यकताको सिद्धान्त हुन्छ । कुन ठाउँमा के गर्न सकिन्छ भन्ने आधारमै यो भा' छ । यो फेरि करार कर्मचारी किन? मैले राखेकै होइन । मभन्दा अगाडि नै अर्थमन्त्री जो हुनुहुन्थ्यो, यो फागुनमै नियुक्ति भएर चैं आइसक्नुभा' रैछ । त्यही कामको लागि । फेरि ३० वर्षदेखि उहाँले नै गर्ने । अब मन्त्री नै आफैं गएर त टाइप सचिव सब गर्दैन । त्यो फेरि त्यसको अलि कम्प्लिकेटेड सिस्टम छ । निर्णय हामीले गर्ने हो । निर्णय हामीले गरेपछि निर्णय गर्न बसेका मान्छेले नै भनेर ल यो यो हान्ने यहाँ कागज लिएर भन्ने हो । अब काम त लगाउनुपर्यो नि । यो कुनै बाहिरबाट ल्याएर त्यो सिस्टमै नभा'को मान्छे होइन । हरेक वर्ष तिनीहरूले गर्या छन् । अब प्रश्न गर्ने हो भने त हरेक वर्ष सबैलाई ३० वर्षदेखि प्रश्न गर्नुपर्ने हो । त्यसकारण त्यस्तो केही पनि होइन । कसलाई कहाँ चैं के चित्त बुझेन, अब काहीं ठाउँ पाएन अब यो अर्थमन्त्रीलाई यही भनेर पनि हानु भनेर कसलाई लाग्यो । यहीबाट लेख्या लेख्यै गर्यो, सबले पढे अहिले चैं अब इन्टरनेट, सोसल मिडियाको जमाना छ । सबकहाँ एकै ठाउँमा पुगिरहाल्छ । अब के हो? हो कि के पो गर्यो? भन्ने आशङ्का यहाँहरूलाई लाग्यो । त्यस्तो केही पनि छैन ।

अब यो दुग्ध सहकारीका कुराहरू चैं आको छ । अब यो सहकारी त एउटा खम्बा नै हो हाम्रो । तर सहकारीमा पनि विकृति आ' छ । यो माइक्रो फाइनान्समा पनि विकृति आ' छ । त्यसले केही जो अलि चल्तापुर्जा मान्छेहरूले, सहकारी भन्या खासमा के हो भने स्थानीय लोकलाइज्ड, त्यहाँको सबले सबलाई चिनेको, सबले सबलाई विश्वास गर्ने त्यो हुनुपर्ने ठाउँमा अब देशभरि एउटै चैं इम्पायर भयो के । अनि त्यो सञ्चालक कहाँ छ? अब त्यसका त्यो जुन लगानीकर्ता कहाँ छ? अब कहाँ पुग्यो, कहाँ पुग्यो । अब त्यसले गर्दा अहिले समस्या आ' छ । अब यसलाई लोकलाइज्ड गर्नुपर्छ । पहिला चैं यो प्रदेश तहमा थियो, त्यसबाट जिल्ला गर्दै त्यो गर्यो भने यो हेल्दी विकास हुन्छ । त्यस किसिमबाट पनि हामी जानुपर्छ ।

अब यो दुग्धको कुरा गर्दा यो बोर्डको कुरा गर्नुभा' होला । यो यसका कुराहरू पनि आको छन् । यो कित्ताकाट, एकजना माननीयजी भनेको यो कित्ताकाट आएर यो जम्मै यो कृषिको, त्यो कृषिमा त्यो कित्ताकाटको कुरा होइन के । कित्ताकाट भन्या त खासमा सबभन्दा जो सहर बजार छ, जहाँ चैं सानो जमिन छ, त्यसमा चैं घडेरीको लागि, सानो बिजनेसको लागि त्यसमा चैं अब ठुलो त्यो कित्ताकाटै गर्न नपाउने भन्दा चैं समस्या आउँछ । अब आम कृषि

गर्ने कुराहरूमा त अनावश्यक रूपमा त्यो वर्गीकरण नभईकन गर्न नपाइने भन्दिँदाखेरि के भो भने अब चैं यो जसले आफ्नो अंशबन्डा गरेर ट्रान्सफर गर्न पनि अब वर्गीकरण भा' छैन, पाउँदैनस् भन्दियो । त्यो व्यवहारिक समस्याहरू आको छ । त्यसकारण यसले अहिले चा खुलाउने भन्ने कुरा भा' छ । यो खुलाउनु पनि पर्छ ।

अब यहाँ भुवनजीले हो क्यारे सायद, यो छुवाछुतका कुरा । अब अर्थले गर्ने चैं हामीले त्यो वर्ग, समूह, क्षेत्र जो पछाडि पर्या छ, त्यहाँ हामीले के बजेट दिने? कसरी उनीहरूलाई इम्पावर गर्ने? छुवाछुत हटाउन त छुट्टै कानुन छ, व्यवस्था छ । त्यसले कार्यान्वयन गर्छ । र हामीले बजेट जुन धारा ४० को व्यवस्था भयो त्यो त उल्लेखै पनि लामै उल्लेख गर्या छ । कसरी ट्रेडिसन्ल नलेजलाई प्रमोट गर्ने, उहाँहरूको अधिकार सुनिश्चित गर्ने र विभिन्न शीर्षकमा बजेट पर्या छ । यो दलित पछाडि परेक समुह, क्षेत्रलाई केन्द्रित गरेर बजेट पर्या छ । त्यसको फेरि अब विभिन्न समुदाय आदिवासीलाई यसरी, अरूलाई यसरी भनेर त्यसरी चैं जातीय र धार्मिक रूपमा मात्रै या एउटा समुदाय आधारमा मात्रै छुट्याउन पनि उपयुक्त हुँदैन । तर चैं त्यसलाई जहाँ जहाँ बजेटले सम्बोधन गर्नुपर्ने छ, शिक्षाको मार्फत, स्वास्थ्यको मार्फत, सामाजिक सुरक्षाको मार्फत, अरू चैं पुँजीगत खर्चको मार्फत ती कुराहरू सबैमा आको छ ।

गोपालजीले हो क्यारे कृषि अनुदान चैं नयाँ, गोपालजीले पहिलै यो सल्लाह दिनुभा'को अहिले यसलाई चैं एकदम राम्रो खालको सल्लाह आको छ । यसलाई तैपनि कृषि मन्त्रालयसँग सल्लाह गरेर अझै हाम्रो जुन हेडिङ छ त्यहाँ बजेटको हेडिङ, त्यहाँ कहाँनेर त्यो एडजस्ट गर्न सकिन्छ त्यस बारेमा चैं छलफल कृषि मन्त्रालयसँग नि चलाऔँ । म पनि कुरा गरौँला ।

अब फेरि १ हजार बजेटको फेरि आ' छ । अब कुन कुन मन्त्रालयको त्यो यत्रो डाटा सबै मैले हेर्न सक्ने पनि कुरा भएन । काहीं कसरी पर्या छ? अब मन्त्रालयगत रूपमा त्यो निस्किँदै छ । त्यसपछि के भा'को रैछ चैं हेरौँला । हाम्रो मक्सद त्यस्तो गर्ने होइन ।

अब निर्वाचन आयोगको कुरा चाहिँ मैले गरिसके । त्यसमा चाहिँ एउटा इकाइ चाहिँ त्यही हुन्छ भन्ने आशयले गऱ्या हो तर त्यसमा उहाँहरूले कुरा राख्नुभा' छ । त्यहीअनुसार मिलाउला नै ।

यो शिक्षा, अर्थमा सामाञ्जस्यता भएन कि? सोधि, सोधि, छलफल गरी, गरी मैले त फोन नै गरीकन बोलाउँदाखेरि समयले जति भ्यायो । सम्भव भएसम्म त्यो चाहिँ गर्या छु । स्कुलको कर्मचारीको पनि मैले भनिसके । सुर्तीको करमा मैले अघि नै भने अब यहाँ चाहिँ के भन्ने लाग्यो भने त्यो जम्मा करै ३ पर्सेन्ट लाग्ने भो' । त्यो होइन कि मैले चाहिँ एक सय कति प्रतिशत कर लाग्या छ भनेर भन्या छु । यो त लागि रा'को । हरेक वर्ष थपिँदै गा'को छ कर ।

त्यसमा चाहिँ अझ थपियो । जम्मा त्यति कर हो र? मैले चाहिँ यहाँ पढे त? एक सय कति प्रतिशत कर भनेर अघि पढिसके त्यस्तो होइन । भोलिको दिनमा अझ खाली चाहिँ फेरि एतातिर हामीले कर लगाउने अनि त्यस ठाउँमा चाहिँ अर्को बाटोबाट चाहिँ उताको सस्तो भएर यता चाहिँ प्रवेश गर्ने पनि त्यसबारेमा चाहिँ हामीले ध्यान दिनुपर्छ भन्ने मात्रै हो । तर यसलाई चाहिँ हामी डिस्करेज नै गर्ने हो त्यसमा दुइमत छैन ।

कित्ताकाटको कुरा फेरि पनि आ'छ । संसदीय कार्यक्रमको कुरा आ'को छ । संसदीय कार्यक्रमको कुरामा कार्यान्वयनको कुरा मैले स्पष्टै पारिसके फेरि माननीयज्यूले सोध्नुभो' । यसमा सबैको सहभागिता हुने गरेर चाहिँ कार्यविधि बन्छ । यो सिफारिस मात्रै हो । यो पूँजीगत खर्चै हो । जुन ८ अर्ब २५ करोड १६५ क्षेत्रमा जान्छ । कुनै पनि निर्वाचन क्षेत्र नछुटोस् भनेर यो प्रस्ताव गरिया हो । अब सिफारिस नै गर्न हुन्न माननीयहरूले भन्ने चाहिँ कुरामा चाहिँ मेरो सहमति छैन । संसारभरी अमेरिकामा सिनेटरहरूले नै बजेट बनाउँछ । अब इन्डियामा पनि मोदीजी कै उसमा चाहिँ अर्थमन्त्रीले पढ्याथ्ये । उनीहरूले चाहिँ एउटा चाहिँ पालिका चुज गर्ने, अनि कार्यक्रम चाहिँ प्रस्ताव गर्ने भनेर आ'कोथ्यो हैन? त्यसकारण माननीयज्यूहरूलाई पनि अब तपाईंहरू पनि जाँदाखेरि अब खालि ल मेकरको रूपमा मात्रै चिन्दैनन् नि? यहाँ हाम्रो आवश्यकता पनि छ । तपाईंले पनि केही गर्न सक्नुहुन्छ कि? भन्ने अब स्थानीय निकाय, प्रदेश, केन्द्रले पनि छुट्याएको कहीं रै'छ भने ल यहाँ हालु भनेर सबैको सल्लाहले सिफारिस गर्या कुरालाई सम्बन्धित निकायले कार्यान्वयन गर्ने ।

यो उद्योगको कुरामा अब अवश्य पनि यो उद्योग चलाउने कुरा आ'को हो नीति र कार्यक्रममा तर यसमा के छ भने कतिपय व्यवहारिक कठिनाइहरू छन् । यसको चाहिँ अब राम्रोसित अध्ययन गरेर कुन उद्योग व्यवसाय, अब सरकारले धेरै उद्योग व्यवसाय चला'को चाहिँ त्यो चाहिँ सफल देख्या छैन । जुन चाहिँ हामीले सरकार इन्भल्व हुनै पर्ने शिक्षा, स्वास्थ्य मा इन्भल्व हुनै पर्छ । जतिसुकै हाम्रो चाहिँ राज्य संयन्त्रको क्रियाकलाप र क्षमतामा जतिसुकै Question गरे पनि अब निजी क्षेत्रलाई पुरै जिम्मा लगाउन सकिँदैन । तर उद्योग चलाएर राज्यले कति त्यो ऊ गर्न सक्छ? त्यो हेर्नुपर्छ । अब हाम्रो चाहिँ केहीं चाहिँ एसेटहरू छ । जस्तो चाहा हेटौंडामा, बुटवलमा सब कुराहरू आए । यसलाई चाहिँ अब कि चाहिँ हामीले व्यवस्थापन केही न केही त्यहाँ गर्ने हो भने यसको चाहिँ अलिकति होमर्क गरेर आउनुपर्छ भनेर अहिले बजेटमै यसो दिने, उसो दिने नभनेको हो होइन । होमर्क गरेर एउटा म्यानेजमेन्ट कन्ट्याक दिएर चाहिँ यो उही पुरानै पाराले चलाएर चाहिँ यो त्यो घाटाभन्दा केही पनि हुनेवाला छैन । कम्पिटिटिभ पनि हुँदैन । त्यो चल्दै चल्दैन । त्यसकारण त्यो किसिमबाट एटलिष्ट

ट्रान्जिसन गर्ने हो कि? यसो भएको हुनाले अलिकति सोँचेर, छलफल गरेर गर्नुपर्छ भनेर अर्थमन्त्रीको नाताले त्यो चाहिँ के कुरामा तत्काल गर्न सकिन्छ? के कुरामा गर्न सकिन्न? भन्ने हिसाबले चाहिँ त्यहाँ चाहिँ बजेटमै एल्लोकेसन त्यसरी चाहिँ नगरिएको हो ।

अब कपास समितिको पनि कुरा आ'को छ । अब त्यो समिति मात्रै राखेर पनि के गर्नु, होइन? समिति छ अब त्यहाँ चाहिँ कपास, सपास केहीँ पनि छैन । अब त्यो हो । भोलि हामीले चाहिँ एउटा योजना ल्याएर यहाँ चाहिँ कपास खेतिको सम्भावना त्यो वृद्धि भो' भने त्यो समिति भएर चाहिँ हुने अरू किसिमबाट हामीले चाहिँ उद्योग व्यवसायहरू चाहिँ यहाँ अब निजी क्षेत्र नै यसरी आइरा'छन् । उसले पनि कम्पिटेटिभ हिसाबमा हामी कहाँ छौं? हरेक देशले उसको कम्पिटेटिभ एड्भान्टेज के हो? त्यसलाई केन्द्र विन्दुमा राखै पर्छ के । हाम्रो कम्पिटेटिभ एड्भान्टेज भनेको अहिले चाहिँ एउटा चाहिँ इनर्जि मिक्सको कन्सेप्ट आइरा'छ । सोलारले पनि मेन्ली दिउँसो गर्छ । त्यसको स्टोरेज अझ समस्या छ राती । त्यसकारण अहिले इनर्जी मिक्सको ग्रिन इनर्जीमा लाने चाहिँ संसारभरी एउटा चाहिँ क्लाइमेट चेन्जको कुरा, त्यसको टार्गेटको कुरा आइरा'छ । त्यसकारण इन्डियाले नै अहिले इन्ट्रेस दिइराखेको त्यही हुनाले लगानी गर्न तयार भइरहेको छ । विजुली किन्न तयार भइरा'छ । पहिला उनीहरूले पनि त्यो कन्सेप्टलाई चाहिँ पूर्ण रूपमा ग्रहण गर्‍याथ्येन । अहिले चाहिँ ग्रहण गर्‍यो । त्यसकारण चाहिँ १० हजार मेगावाटसम्म जाने कुरा आइरा'छ । त्यसकारण यो हाम्रो चाहिँ प्राइरिटीको सेक्टर हो । यो चाहिँ हाम्रो एड्भान्टेजको सेक्टर हो ।

त्यस्तै टुरिजम हाम्रो चाहिँ एड्भान्टेजको क्षेत्र हो । टुरिजमलाई विकास गर्न हाम्रो इन्भास्टक्चर सडक चाहिँ इन्भास्टक्चर विकसित हुनुपर्‍यो । त्यो हाम्रो एड्भान्टेजको क्षेत्र हो । आईटी हाम्रो एड्भान्टेजको क्षेत्र हुन सक्छ । त्यो किन भने त्यसको लागि कुनै बोडर पार गरेर ट्रकमा हालेर चाहिँ लेर जानुपर्दैन । सफ्टवेयर तपाईँ चाहिँ कम्प्युटर चाहिँ यहाँबाट अमेरिका, यहाँबाट दक्षिण अमेरिका, अफ्रिका सब ठाउँमा तपाईंको स्क्रिन छ भने त्यो गर्न सक्नुहुन्छ । त्यसकारण यो चाहिँ एड्भान्टेज हाम्रो लागि हुन सक्छ के । त्यसकारण हाम्रो एड्भान्टेजको क्षेत्र सबै चिजमा गर्छु भनेर हुँदैन । जहाँ चाहिँ हाम्रो कम्प्याराटिभ एड्भान्टेज छैन । त्यो प्रति इन्डियाले त गर्न सक्या छैन कतिपय कम्पिटिसन गर्न सक्या छैन । त्यत्रो ठुलो इकोनमी भएर । अरूले गरिरा'छन भने हाम्रो त्यो कम्प्याराटिभ एड्भान्टेजको क्षेत्र होइन । त्यसो हुनाले कुन चाहिँ हाम्रो एड्भान्टेजको क्षेत्र हो कुन चाहिँ होइन?

अनि यो एग्रो विजनेस हाम्रो स्पेसिफिक जुन चाहिँ हाम्रो क्लाइमेट छ नि? क्लाइमेटको हिसाबले हाम्रो चाहिँ हिल छ, कुलर क्लाइमेट हुन्छ । इन्डियमा चाहिँ एकदम हर्ट ट्रावलमा

पनि हामीले त्यहाँबाट तरकारी सप्लाइ गर्न, त्यहाँ चाहिँ उत्पादन त्यो बेला हुँदैन । फलफुलको कुरा छ । एग्रो विजनेसमा हाम्रो भोलि चाहिँ एड्भान्टेज हुन सक्छ । त्यसमा हामीले फोकस गर्नुपर्छ । त्यसकारण जहाँ एड्भान्टेज छ त्यसलाई फोसक गरौं के । हामी सबै उ गर्छु भनेर किन नगऱ्या? हिजो पनि जुन बेला प्राइभेट सेक्टरै थिएन, केही थिएन । अलिअलि चाहिँ राज्यले चाहिँ लगानी गऱ्यो तर चाहिँ त्यो चाहिँ राम्रोसँग चल्न सकेन । त्यो कम्पिटिटिभ हुन सकेन । त्यो सर्भाइभ गर्न सकेन । त्यो फ्याक्ट हो नि । त्यसकारण हामीले यसलाई अलिकति राम्रैसित छलफल गरेर के चाहिँ हामीले गर्ने? के चाहिँ नगर्ने? केलाई प्राथमिकता दिने? केलाई नदिने? त्यो निष्कर्षमा हामी पुग्नुपर्छ जस्तो लाग्छ । मैले मोटामोटी सबै यहाँहरूले भनेको कुरा कभर गरे जस्तो लाग्यो । र सबै हेर्दा जाँदा मैले टिपोट गर्या सबै चाहिँ आयो जस्तो मलाई लाग्यो । धन्यवाद ।

**(१४:५० बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार १० गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार १० गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:५१ बजे ।**